# तमानखोला गाउँपालिका

# स्थानीय राजपत्र

खण्ड : ५ संख्या : १ मिति : २०७८/१०/१८ गते

भाग-१

तमानखोला गाउँपालिका

## तमानखोला गाउँपालिकाको कृषि तथा पशुपन्छी सम्बन्धी विधेयक, २०७८

आज्ञाले,

विकास लम्साल

प्रमुख प्रशासकीय अधिकृत

# तमानखोला गाउँपालिकाको कृषि तथा पशुपन्छी सम्बन्धी विधेयक, २०७८

**प्रस्तावना :**

नेपालको संविधान प्रद्धत्त किसान र समग्र नागरिकको खाद्यसम्बन्धी हकको सुनिश्चितता र किसानको सशक्तिकरण गर्दै कृषि प्रणालीमा सुशासन कायम गर्न कृषिको दिगोपनाका लागि कृषि जमिनको सततः उपयोग गर्दै परम्परागत र पर्यावरणमैत्री कृषि प्रणालीको प्रवर्द्धन हुनेगरी कृषि प्रणालीको व्यावसायीकरण मार्फत खाद्यान्नमा आत्मनिर्भरता र किसानको आर्थिक अवस्था सुधार गरी समृद्धि हासिल गर्न र कृषि तथा पशुपन्छी पेशाका लागि कृषि प्रसार, सेवा, सामग्री, सिंचाइ र प्रविधि प्रभाकारी रुपमा उपलब्ध गराई कृषि उत्पादनको प्रशोधन, भण्डारण र बजारीकरण गरी कृषि उपजको उचित मूल्य र बजार पहुँचको सुनिश्चतताका लागि आवश्यक कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२६ बमोजिम तमानखोला गाउँपालिकाको एघार ११ औं गाउँसभाले यो ऐनको तर्जुमा गरेको छ ।

## परिच्छेद एक
## प्रारम्भिक

१. <u>**संक्षिप्त नाम र प्रारम्भः**</u> (१) यस ऐनको नाम तमानखोला गाउँपालिकाको **"कृषि तथा पशुपन्छी ऐन, २०७८"** रहेको छ ।

(२) यो ऐन गाउँपालिकाको स्थानीय राजपत्रमा प्रकाशन भएको मितिबाट गाउँपालिका क्षेत्रभर लागू हुनेछ ।

२. <u>**परिभाषाः**</u> विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) **"करार खेती"** भन्नाले किसानले जमिन लिज वा भाडामा लिई गरिने कृषि कार्य सम्झनु पर्छ र सो शब्दले कृषि व्यावसायी र कृषकबीच करारनामा गरी गरिने कृषि उत्पादन र खरिद विक्री गर्ने कार्यलाई समेत जनाउँछ ।

(ख) **"कृषक"** भन्नाले यस ऐनको प्रयोजनका लागि कृषिलाई मुख्य पेशा वा व्यवसाय बनाई सोबाटै जीविकोपार्जन गर्ने नागरिक सम्झनु पर्छ र सो शब्दले त्यस्तो नागरिकमा आश्रित परिवारका सदस्य वा वर्षको छ महिना वा सोभन्दा बढी अवधि कृषि कार्यमा श्रम गर्ने वा परम्परागत रुपमा कृषि औजार निर्माण गर्ने नागरिकलाई समेत जनाउँछ ।

(ग) **"कृषियोग्य भूमि"** भन्नाले कृषि प्रयोजनको लागि प्रयोग हुने, कृषिजन्य उत्पादन गर्ने वा प्रचलित कानून बमोजिम कृषि कार्यको लागि निर्धारण गरिएको भूमि सम्झनु पर्छ ।

(घ) **“कृषि कार्य”** भन्नाले दफा १५ मा उल्लेख भए बमोजिमका विषयसँग सम्वन्धित कार्य सम्झनु पर्छ र सो शब्दले व्यावसायिक कृषिलाई समेत जनाउँछ ।

(ङ) **“कृषि फर्म”** भन्नाले व्यवसायिक प्रयोजनको लागि दफा १५ बमोजिमका उपभोग्य कृषि वस्तु उत्पादनका लागि सञ्चालन गरिएको कृषि फर्मलाई जनाउँदछ ।

(च) **“कृषि वस्तु”** भन्नाले कृषकले कुनै बोट विरुवा वा जीवजन्तुबाट उत्पादन गरेको उपभोग्य कृषि वस्तु र कृषि औजारलाई जनाउँदछ र सा शब्दले कृषि उपज समेतलाई जनाउँदछ ।

(छ) **“कृषि पेशा”** भन्नाले खेती तथा पशुपन्छी पालन कार्य गरी कृषि वस्तु उत्पादन गर्ने पेशालाई जनाउँदछ।

(ज) **“कृषि व्यवसाय”** भन्नाले व्यावसायिक उद्देश्यले गरिने दफा २८ बमोजिमका व्यवसायहरुलाई जनाउँदछ ।

(झ) **“कृषि बजार”** भन्नाले विभिन्न माध्यमबाट कृषि उपजको ग्रेडिङ, प्याकेजिङ्ग, ढुवानी, भण्डारण, वितरण तथा कृषि उपजको बिक्री वितरण गर्ने कृषि बजारलाई जनाउँदछ ।

(ञ) **“कृषि व्यापारी”** भन्नाले कृषि उपजको थोक तथा खुद्रा व्यापारीलाई जनाउँदछ।

(ट) **“खाद्य वस्तु”** भन्नाले जैविक स्रोतबाट प्राप्त साँस्कृतिक रुपमा स्वीकार्य प्रशोधित, अर्धप्रशोधित वा अप्रशोधित मानव उपभोग्य पदार्थ सम्झनु पर्छ र सो शब्दले त्यस्तो पदार्थको तयारी, प्रशोधन वा उत्पादनमा प्रयोग हुने कच्चा पदार्थलाई समेत जनाउँछ ।

(ठ) **“खाद्य सम्प्रभुता”** भन्नाले खाद्य उत्पादन तथा वितरण प्रणालीमा किसानले उपभोग वा अभ्यास गर्ने देहायको अधिकारलाई जनाउँदछः

(१) खाद्य सम्बन्धी नीति निर्माण प्रक्रियामा सहभागी हुने,

(२) खाद्य उत्पादन वा वितरण प्रणालीसँग सम्वन्धित कुनै पनि व्यवसाय रोज्ने,

(३) कृषियोग्य भूमि, श्रम, बीउ बीजन, प्रविधि, औजारको छनौट गर्ने,

(४) कृषि व्यवसायको विश्वव्यापीकरण वा व्यापारीकरणको प्रतिकूल प्रभाववाट मुक्त रहने ।

(ड) **“खाद्य सुरक्षा”** भन्नाले सक्रिय र स्वस्थ मानव जीवनयापन गर्न आवश्यक हुने खाद्यमा प्रत्येक व्यक्तिको भौतिक तथा आर्थिक पहुँचलाई जनाउँदछ ।

(ढ) **“खुद्रा बजार”** भन्नाले कुनै विक्रेताले उपभोक्तालाई बिक्री गर्ने कार्यलाई जनाउँदछ।

(ण) **"तोकिएको"** वा **"तोकिएको बमोजिम"** भन्नाले यस ऐन अन्तर्गतको नियममा तोकिए वा तोकिएको बमोजिम सम्झनु पर्छ ।

(त) **"थोक बजार"** भन्नाले कुनै उत्पादक वा विक्रेताले अर्को विक्रेतालाई कृषि वस्तु बिक्री वितरण गर्ने थोक बजारलाई जनाउँदछ ।

(थ) **"निर्वाहमुखी कृषि"** भन्नाले आफ्नो परिवारको लागि आवश्यक पर्ने कृषि उपज उत्पादन गर्ने कृषि कार्यलाई जनाउँदछ।

(द) **"पारिवारिक खेती"** भन्नाले परिवारको लगानी र पारिवारिक श्रमको मात्र उपयोग गरेर गरिने कृषिलाई जनाउँदछ।

(ध) **"बिक्रेता"** भन्नाले कृषि वस्तुहरू बिक्री गर्ने व्यापारी, कृषक, कृषक समूह, कृषि फार्म, सहकारी संस्था, कम्पनी वा एजेन्ट बिक्रेता समेतलाई जनाउँदछ ।

(न) **"भूमिहीन"** भन्नाले कृषि पेशामा आश्रित भई आफ्नो वा आफ्नो परिवारको नाममा नेपालभर दर्ता वा वेदर्ता जग्गा नभई यस गाउँपालिकामा तयार गरिएको अभिलेखमा भूमिहीनका रूपमा नाम समावेश भएको व्यक्तिलाई जनाउँदछ।

(ऩ) **"संकलन केन्द्र"** भन्नाले कृषकहरुले दोस्रो बजारमा विक्री गर्ने उद्देश्यले छोटो समयको लागि कृषि उपज संकलन गरेर विक्रेतालाई विक्री गर्ने संकलन केन्द्रलाई जनाउँदछ।

(प) **"हाट बजार"** भन्नाले कृषि उपज लगायत अन्य स्थानीय उत्पादन विक्री गर्ने उद्देश्यले स्थानीय तहबाट स्वीकृत लिई सञ्चालन भएको हाट बजारलाई जनाउँदछ ।

## परिच्छेद दुई
## किसान र कृषि सम्बन्धी मार्गनिर्देशक सिद्धान्त र नीतिहरु

३. **किसान र कृषिसम्बन्धी मार्गनिर्देशक सिद्धान्तः** यस गाउँपालिकाले किसान र कृषि क्षेत्रका सम्बन्धमा देहाय बमोजिमका मार्गनिर्देशक सिद्धान्तहरुको अवलम्बन गर्नेछः

(क) यस गाउँपालिकामा रहेका कृषि तथा खाद्यसम्बन्धी परम्परागत तथा पर्यावरणमैत्री नवीनतम ज्ञान, सीप तथा प्रथाजनित एवं सांस्कृतिक अभ्यास र पर्यावरणमैत्री कृषि प्रणालीको संरक्षण र प्रवर्द्धन गरिनेछ ।

(ख) कृषि क्षेत्र तथा कृषि भूमिमा कृषक र भूमिहिन किसानहरुको समेत पहुँच र स्वामित्व सुनिश्चत गरी न्यायपूर्ण आर्थिक अवस्थाको सिर्जना गरिनेछ ।

४. **<u>किसान र कृषि सम्बन्धी नीतिः</u>** (१) यस गाउँपालिकाको किसान तथा कृषिसम्बन्धी योजना तथा कार्यक्रम तर्जुमा र कार्यान्वयन गर्दा अवलम्बन गरिने नीति देहाय बमोजिम हुनेछः

(क) किसानको कृषि तथा पशुपन्छी पालनसम्बन्धी रैथाने तथा परम्परागत ज्ञान र खाद्य संस्कृति, कृषिजन्य जैविक विविधता, पर्यावरणीय प्रणाली र प्राङ्गारिक एव दिगा कृषि विधिमा आधारित आत्मनिर्भर र खाद्य सम्प्रभुत्तालाई सम्मान गर्ने किसिमको दिगो कृषि प्रणालीलाई प्राथमिकता प्रदान गरिनेछ ।

(ख) कृषि क्षेत्रलाई यस गाउँपालिकाले बिशेष संरक्षित क्षेत्रको रुपमा पहिचान गरी समग्र कृषकहरुको आर्थिक र सामाजिक बिकासको लागि आवश्यक पर्ने सेवा र सुबिधा प्रदान गरिने छ ।

(ग) किसान, कृषक समूह, पशुपालक समूह, कृषि सहकारी सस्था र कृषि तथा खाद्य उद्यमीहरुको सहकार्यमा कृषि भूमिको संरक्षण गर्दै र कृषि कार्यलाई एक सम्मानजनक पेशाको रुपमा आत्मसात् गराउनका लागि कृषि क्षेत्रको व्यावसायीकरण गरी उद्यमशीलता, रोजगारी, आय आर्जन, जीविकोपार्जन, समृद्धि र सामाजिक सुरक्षाका अवशरहरु सिर्जना गरिनेछ ।

(घ) किसानलाई कृषि कार्य र पशुपन्छी तथा जलचर पालनका लागि आवश्यक पर्ने सबै किसिमका सेवा, सामग्री र प्रविधिमा सहज पहुँचका लागि आवश्यक पर्ने संस्थागत व्यवस्था र स्रोत साधनहरुको प्रवन्ध गरिनेछ ।

(ङ) कृषि सम्बन्धी योजना तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन लगायतका समग्र निर्णय प्रक्रियामा गाउँपालिकाका सम्बन्धित प्रतिनिधि सहित किसान एवं कृषक समूह र यसका प्रतिनिधिमूलक संघ संस्था र सम्बद्ध नागरिक समाजको पूर्ण र प्रभावकारी सहभागिता प्रवर्द्धन गरिनेछ ।

(२) उपदफा (१) मा उल्लिखित नीतिहरुलाई आवश्यक संस्थागत व्यवस्था र आर्थिक एवं प्राविधिक लगायतका स्रोत साधनहरुको प्रवन्ध गरी क्रमशः कार्यान्वयन गर्दै जानुपर्नेछ ।

## परिच्छेद तीन
## कृषिसम्बन्धी आधारभूत विवरण व्यवस्थापन

५. **<u>कृषि तथ्याङ्क सङ्कलनः</u>** (१) गाउँपालिकामा रहेका किसान र कृषिका बारेमा देहाय बमोजिमका विवरण सहितको तथ्याङ्क सङ्कलन गरी अभिलेखित गरिनेछः

(क) किसानहरुको वर्गीकरण अनुसारको परिवार सङ्ख्या र भूमिहिन किसानहरुको विवरण ।

(ख) कृषक समूह, पशुपन्छीपालक समूह र कृषि सहकारी संस्थाहरुको विवरण र अवस्था ।

(ग) सिंचाइ सुविधा पुगेको वा नपुगेको सहित कृषियोग्य भूमिको विवरण र नक्शाङ्कन।

(घ) रैथाने लगायतका मुख्य कृषि उपज, भण्डारण तथा प्रशोधन र बजारीकरण भइरहेका र हुन सक्ने कृषि उपजहरुको विवरण ।

(ङ) नगदेवाली, तरकारी र फलफूल खेतिको उत्पादन र सोको बजारीकरणको अवस्था ।

(च) पशुपालन, पन्छी पालन र माछा पालनको अवस्था तथा विवरण र दुग्ध तथा माछा मासुजन्य उत्पादन र विक्री वितरणको अवस्था ।

(छ) रैथाने, परम्परागत र सांस्कृतिक महत्वका खाद्य वस्तुहरुको उत्पादनको अवस्था।

(ज) कृषिजन्य पूर्वाधार (सिंचाइ, शीत भण्डार, कृषिमिल तथा खाद्य प्रशोधन, ढुवानी वा कृषि सडक आदि) को अवस्था ।

(झ) कृषि सेवा प्रदायक (कृषि तथा पशुपन्छी सेवा केन्द्र तथा शाखा, कृषि सामग्री र बीउ बीजन, मलखाद वा प्राङ्गारिक मल उत्पादनक र सोको वितरण, पशु स्वास्थ्य सेवा, कृषि बीमा, पशु बीमा, वातावरणमैत्री किटनाशक विषादी आदि) को अवस्था र यसमा किसानको पहुँचको अवस्था ।

(ञ) कृषि सेवा प्रदायकहरुको नियमन तथा अनुगमन सम्बन्धी व्यवस्था र सोको कार्यान्वयनको अवस्था ।

(ट) कृषि शिक्षा, कृषि प्रचार प्रसार र कृषि स्रोत व्यक्तिहरुको उपलब्धताको अवस्था।

(ठ) अन्य आवश्यक र महत्वपूर्ण विवरणहरु ।

(२) उपदफा (१) बमोजिमका तथ्याङ्क सङ्कलनका लागि गाउँपालिकाले कम्तिमा पाँच वर्षमा एक पटक र आवश्यकता अनुसार अन्य समयमा पनि कृषि तथा पशुपन्छी गणना गर्नु पर्नेछ ।

६. **<u>कृषि तथ्याङ्कको विश्लेषण र प्रचार प्रसारः</u>** (१) दफा ५ बमोजिमको तथ्याङ्क तथा विवरण तयारी, विश्लेषण र प्रकाशन गर्दा किसानहरुको समेत प्रतिनिधित्व, सहभागिता र सशक्तिकरण हुनेगरी सहभागितामूलक विधिको अवलम्बन गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम तयार गरिएको अभिलेखलाई प्रत्येक तीन वर्षमा एक पटक र आवश्यक्ता अनुसार समय समयमा अद्यावधिक गर्न सकिनेछ ।

(३) कृषि तथ्याङ्क सङ्कलन, विश्लेषण र अद्यावधिक गर्ने कार्यमा नेपाल सरकार र प्रदेश सरकारका कृषि तथा पशुपन्छी सम्बन्धी कार्यालय, कृषि सहकारी संस्था र कृषि उद्यमी तथा कृषि व्यावसायीको सहयोग लिन सकिनेछ ।

(४) गाउँपालिकाले कृषि तथा किसानका सम्बन्धमा आवधिक योजना तर्जुमा गर्दा कृषि र पशुपन्छी सम्बन्धी उपलब्ध तथ्याङ्कलाई आधार मान्नु पर्नेछ ।

(५) गाउँपालिकाले उपलब्ध कृषि तथ्याङ्कको नियमित रुपमा प्रचार प्रसार गरी किसान र सम्बन्धित सरोकारवालाको सहज पहुँच हुने व्यवस्था मिलाउनु पर्नेछ ।

## परिच्छेद चार

## किसान पहिचान, वर्गिकरण, संरक्षण र सशक्तिकरण सम्बन्धी व्यवस्था

७. **किसानको पहिचानः** (१) गाउँपालिकाले कृषि कार्यमा संलग्न किसानको तोकिए बमोजिम गणना गरी पहिचान गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम पहिचान भएका किसानलाई दफा ८ बमोजिमको आधारमा वर्गिकरण गरी किसान परिचयपत्र प्रदान गर्नु पर्नेछ ।

८. **किसानको वर्गिकरणः** (१) गाउँपालिकामा रहेका भूमिहिन किसान, सिमान्तकृत किसान, पारिवारिक खेतिको रुपमा निर्वाहमूखी कृषि कार्य गर्दै आएका साना किसान, मध्यम किसान र अन्य कृषि पेशा तथा व्यवसाय गर्दै आएका ठूला तथा व्यावसायिक किसानलाई जीविकोपार्जन र कृषि क्षेत्रको दिगो विकास हुनेगरी वर्गिकरण गरिनेछ ।

(२) किसानको वर्गिकरण तथा सूचीकरण सम्बन्धी आधार र सूचक तोकिए बमोजिम हुनेछ ।

(३) दफा ७ बमोजिम परिचयपत्र प्राप्त किसानलाई गाउँपालिकाबाट अनुदान, बीमा, सहुलियत, सेवा तथा सुविधा प्रदान गर्न सकिनेछ ।

९. **कृषक समूह गठन र सञ्चालनः** (१) गाउँ वा टोलस्तरमा रहेका किसानले आफ्नो सामूहिक हित र क्षमता विकासका लागि निश्चित क्षेत्रका हरेक किसान परिवारबाट प्रतिनिधित्व हुनेगरी कृषक समूह वा पशुपालक समूह गठन र सञ्चालन गर्न सक्नेछन् ।

(२) उपदफा (१) बमोजिम गठन गरिएको कृषक समूह वा पशुपालक समूहलाई गाउँपालिकामा दर्ता गर्नु पर्नेछ र प्रत्येक दुई वर्षमा नवीकरण गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम दर्ता भई सञ्चालनमा रहेका कृषक समूह वा पशुपालक समूहलाई गाउँपालिकाले आवश्यक सेवा सुविधा प्राप्तिका लागि सहजीकरण गर्न र सिफारिस प्रदान गर्न सक्नेछ ।

(४) दर्ता भई दुई वर्षसम्म निष्कृय रहेका वा अनुदान रकम र अन्य सुविधा दुरुपयोग गर्ने कृषक समूह वा पशुपालक समूहलाई कार्यपालिकाको निर्णयबाट दर्ता खारेज गर्न सकिनेछ ।

तर यसरी दर्ता खारेज गर्नुपूर्व सात दिनको समय दिई सुनुवाईका मौका दिइनेछ ।

(५) कृषक समूह दर्ता, नविकरण, खारेजी तथा समूह सञ्चालनसम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

१०. **कृषि तथा पशुपन्छी सहकारी सस्थाः** कृषि तथा पशुपन्छी सहकारी संस्थाको दर्ता, सञ्चालन र नियमन सम्बन्धी व्यवस्था गाउँपालिकाको सहकारी सम्बन्धी कानूनमा व्यवस्था भए बमोजिम हुनेछ ।

११. **किसानको संरक्षण र सशक्तिकरणः** (१) गाउँपालिका क्षेत्रभित्रका सबै किसानको संरक्षण, क्षमता विकास र सशक्तिकरणका लागि वार्षिक र आवधिक रुपमा योजना र कार्यक्रम तर्जुमा गरी सम्बन्धित किसान वा कृषक समूह वा यस्ता समूहका सञ्जाल वा कृषि सहकारी संस्था वा कृषि फर्म र कृषि सम्बन्धी लघु उद्यम तथा घरेलु उद्योग मार्फत कार्यान्वयन गर्न सकिनेछ ।

(२) उपदफा (१) बमोजिमका योजना तथा कार्यक्रम तर्जुमा गर्दा गरिब तथा विपन्न, भूमिहीन, सिमान्तकृत र साना किसान, कृषि श्रमिक, कृषि कार्यमा संलग्न महिला, आदिवासी जनजाती र दलित किसानका आवश्यकतालाई विशेष प्राथमिकता प्रदान गर्नु पर्नेछ।

(३) किसानको संरक्षण, क्षमता विकास र सशक्तिकरणका लागि उपलब्ध स्रोत साधन र क्षमताका आधारमा देहाय बमोजिमका कृयाकलाप सञ्चालन गरिनेछः

(क) भूमिहिन किसान तथा सिमान्तकृत किसानलाई आफै कृषि कार्य नगर्ने व्याक्तिका जग्गा जमिन वा नेपाल सरकार, प्रदेश सरकार तथा गाउँपालिका र अन्य कुनै संघ संस्थाले उपलब्ध गराएका तथा प्रयोग गर्न दिएका जग्गा निश्चत् अवधीका लागि सम्झौता गरी भाडामा लिई कृषि कार्य गर्न पाउने अवस्था सृजना गर्न सहजीकरण गर्ने ।

(ख) अधिया वा बटैया खेति प्रणालीको अनुगमन र नियमन गर्ने।

(ग) कृषि श्रमिकले कृषि कार्य गरे वापत पाउने पारिश्रमिक र सेवा सुविधा निर्धारण गरी दैनिक रुपमा पारिश्रमिक पाउने कुराको सुनिश्चतता गर्ने ।

(घ) कृषि प्रसार, सेवा, सामग्री र प्रविधिमा किसानको पहुँच सुनिश्चतताका लागि आवश्यक पर्ने क्षमता विकासका कार्यक्रम नियमित रुपमा सञ्चालन गर्ने ।

(ङ) कृषिसम्बन्धी क्षमता विकासका कार्यक्रममा भूमिहिन र सिमान्तकृत किसान, गरिब तथा विपन्न किसान, कृषि श्रमिक, महिला किसान र कृषि कार्यमा आश्रित

आदिवासी जनजाति, दलित परिवार, अपाङ्गता भएका व्यक्ति तथा परिवारलाई प्राथमिकता प्रदान गर्ने ।

(च) किसान तथा कृषक समूहले पाउने सेवा, सुविधा, वस्तु, प्रविधि, छुट, सहुलियत, अनुदान आदि वास्तविक किसानले समयमा नै पाउने किसिमको संस्थागत प्रवन्ध गर्ने ।

(छ) किसानका कृषि तथा खाद्य उत्पादन र पशुपन्छीजन्य उत्पादनहरुको उचित बजारमूल्य पाउने गरी कृषिजन्य उत्पादनको बजार सूचना प्रणाली बनाई सूचना प्रवाह र प्रचार प्रसार गर्ने ।

(ज) किसानहरुलाई सङ्गठित हुने अवशर सिर्जना गर्नका लागि कृषक समूह, पशुपालक समूह तथा कृषि सहकारी संस्था गठन र दर्ता एवम् नवीकरण प्रकृया सरल बनाई सहजीकरण गर्ने र कृषि कार्यक्रमहरु कृषक समूह मार्फत सञ्चालन गर्न प्राथमिकता प्रदान गर्ने ।

(झ) सामुहिक खेति गरी कृषि उत्पादन बढाउनका लागि अतिरिक्त सेवा सुविधा प्रदान गर्ने ।

(ञ) गाउँपालिकालाई कृषि उपज, दुग्ध पदार्थ र मासुजन्य उत्पादन तथा खाद्य प्रशोधनमा अत्मनिर्भर बनाई बाह्य क्षेत्रमा समेत आपूर्ति गर्नमा सक्षम बनाउने।

(ट) किसानको संरक्षण, क्षमता विकास र सशक्तिकरणमा निरन्तर योगदान गर्ने र व्याक्तिगत उत्पादन समेत बढाउने किसान लगायतका व्याक्ति वा संघ संस्थालाई पारदर्शी र निष्पक्ष मूल्याकनका आधारमा सम्मानित वा पुरस्कृत गर्ने प्रणाली स्थापना गर्ने ।

## परिच्छेद पाँच
## कृषियोग्य जमिनको वर्गिकरण, संरक्षण र उपयोग सम्बन्धी व्यवस्था

**१२.** **<u>भूमिको वर्गीकरणः</u>** (१) गाउँपालिकाले नेपाल सरकारको भू-उपयोग ऐन २०७६ समेतलाई आधार मानी भू-बनोट, क्षमता, उपयुक्तता, मौजुदा उपयोग र आवश्यकता समेतका आधारमा कृषि भूमिको संरक्षण र सदुपयोग हुनेगरी आफ्नो क्षेत्रभित्रको भूमिलाई सामान्य नक्शाङ्कन सहित देहाय बमोजिमको भू-उपयोग क्षेत्रमा वर्गीकरण गर्नेछः

(क) कृषि भूमि

(ख) आवासीय क्षेत्र

(ग) व्यावसायिक क्षेत्र

(घ) औद्योगिक क्षेत्र

(ङ) खानी तथा खनिज क्षेत्र

(च) वन क्षेत्र

(छ) पानी मुहान, नदीनाला र ताल तलैया, सीमसार क्षेत्र

(ज) सामुदायिक, सार्वजनिक उपयोग र खुला तथा चरण क्षेत्र

(झ) सांस्कृतिक र पुरातात्विक महत्वको क्षेत्र

(ञ) निर्माण सामग्री उत्खनन क्षेत्र (ढुङ्गा, बालुवा, गिट्टी)

(२) उपदफा (१) बमोजिम गरिएको भूमिको वर्गीकरणलाई सम्बन्धित क्षेत्र स्पष्ट हुनेगरी सो को विवरण स्थानीय राजपत्रमा प्रकाशन गर्नु पर्नेछ र सोको सूचना सार्वजनिक रुपमा कार्यपालिकाको कार्यालयमा र प्रत्येक वडा कार्यालयले समेत प्रकाशन गर्नुपर्नेछ।

(३) भूमिको वर्गीकरण र भू-उपयोगका बारेमा गाउँपालिकाले आफ्ने क्षेत्रभित्र सबैको जानकारीका लागि विभिन्न सञ्चार माध्यमबाट समेत प्रचार-प्रसार गर्न सक्नेछ ।

(४) उपदफा (१) बमोजिम जुन प्रयोजनका लागि भूमिको वर्गीकरण गरिएको छ, सोही प्रयोजनका लागि उपयोग गर्नुपर्नेछ र कृषि भूमि व्यवस्थापन समिति वा स्थानीय भू-उपयोग परिषद् गठन भएको अवस्थामा उक्त परिषद्को अनुमति नलिई कृषि भूमिलाई अन्य प्रयोजनका लागि उपयोग गर्न पाइने छैन ।

१३. **कृषि भूमि व्यवस्थापन समितिः** (१) गाउँपालिका क्षेत्रभित्र रहेको कृषियोग्य जमिनको संरक्षण र व्यवस्थापन गर्दै दिगो कृषि विकासका लागि योजना तर्जुमा र कार्यान्वयन गर्न देहाय बमोजिमको एक कृषि भूमि व्यवस्थापन समिति रहनेछ

(क) गाउँपालिका अध्यक्ष - अध्यक्ष

(ख) गाउँपालिकाको आर्थिक विकास समितिको समितिका संयोजक - सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(घ) गाउँपालिकास्तरीय कृषक समूह महासंघका अध्यक्ष वा प्रतिनिधि - सदस्य

(ङ) गाउँपालिकास्तरीय भूमि अधिकार मञ्चका अध्यक्ष वा प्रतिनिधि - सदस्य

(च) कृषिसम्बन्धी स्थानीय विज्ञहरुमध्येबाट अध्यक्षले मनोनयन गरेको प्रतिनिधि सदस्य

(छ) कृषि सहकारी संस्थाहरुले छनौट गरेको प्रतिनिधि — सदस्य

(ज) यस समितिले मनोनयन गरेको महिला कृषि उद्यमीहरु मध्येबाट एकजना, व्यवसायिक किसान मध्ये एक जना, आदिवासी जनजाति किसान मध्ये एक जना र दलित किसान मध्ये एक जना गरी ४ जना सदस्य

(झ) गाउँपालिकाको कृषि तथा पशुपन्छी सेवा सम्बन्धी विषय हेर्ने प्रमुख वा अधिकृत - सदस्य सचिव

(२) समितिले कृषि सम्बन्धी विज्ञ तथा अन्य सम्बन्धित निकाय वा सङ्घ संस्थाका प्रतिनिधिलाई आफ्नो बैठकमा आमन्त्रण गर्न र राय सुझाव लिन सक्नेछ।

(३) समितिको बैठक कम्तिमा त्रैमासिक रुपमा आयोजना गर्नुपर्नेछ र आवश्यकता अनुसार विभिन्न समयमा बैठक आयोजना गर्न सकिनेछ ।

(४) समितिको बैठक सम्बन्धी कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ

(५) समितिको सचिवालय गाउँपालिकाको कृषि तथा पशुपन्छी सेवा शाखामा रहनेछ

(६) यस समितिले यस ऐनको उद्देश्य कार्यान्वयन गर्न आवश्यकता अनुसार वडा तहमा कृषि भूमि व्यवस्थापन उप-समिति गठन गर्न सक्नेछ ।

१४. **कृषि भूमि व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारः** कृषि भूमि व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) गाउँपालिका क्षेत्रभित्र किसान, कृषि भूमि, कृषि सेवा, पशुपन्छी सेवा, कृषि पूर्वाधार लगायतका विषयको वस्तुस्थिति सङ्कलन र अभिलेख तयार गरी कृषि तथ्याङ्क प्रकाशन गर्ने ।

(ख) गाउँपालिका क्षेत्रभित्र रहेको कृषियोग्य जमिनको दिगो व्यवस्थापन र सदुपयोगको लागि किसानको समेत सहभागितामा कृषि सम्बन्धी योजना र कार्यक्रम तर्जुमा गरी कार्यान्यिवन गर्ने गराउने ।

(ग) नेपाल सरकार र प्रदेश सरकारबाट लागू गरिएका नीति तथा कानून कार्यान्वयनमा सहकार्य गर्ने र उक्त तहबाट अनुदान प्राप्त हुन आएका कृषि कार्यक्रमको प्रभावकारी रुपमा कार्यान्वयन गर्ने, गराउने ।

(घ) कृषियोग्य भूमिको खण्डीकरण हुनबाट रोक्न र कृषियोग्य जमिनको चक्लाबन्दी गरी कृषि उत्पादन बढाउन चाहने किसान परिवारलाई आवश्यक प्राविधिक तथा अन्य सहयोग उपलब्ध गराउने र यस प्रयोजनका लागि अनुदान उपलब्ध गराउन सहजीकरण गर्ने।

(ङ) कृषियोग्य जमिनमा कृषि उत्पादन गर्न, किसानका लागि आवश्यक सेवा सुविधा उपलब्ध गराउन र कृषि तथा खाद्य उत्पादनको बजारीकरणका लागि आवश्यक पर्ने विभिन्न कृषि पूर्वाधार निर्माणको लागि योजना तर्जुमा गरी विभिन्न तह र सम्बन्धित निकायमा सिफारिस तथा परामर्श प्रदान गर्ने ।

(च) वन क्षेत्र बाहेक अन्य प्रयोजनमा रहेको जग्गालाई आवश्यकता अनुसार कृषियोग्य जमिनमा परिणत गर्नको लागि स्थानीय भूउपयोग परिषदमा सिफारिस गर्ने ।

(छ) किसानको क्षमता विकास, हकहित संरक्षण र कृषि क्षेत्रबाट समृद्धिका लागि किसानसम्बद्ध नागरिक समाज र संघ संस्था तथा निजी क्षेत्रसँग समेत समन्वय तथा सहकार्य गरी कार्यक्रम सञ्चालन गर्ने गराउने ।

(ज) खाद्यका लागि कृषि र तुलनात्मक लाभका कृषिउपजको व्यावसायिक उत्पादन बढाउन आवश्यक अध्ययन, अनुसन्धान, जनशक्ति निर्माण र प्रसार सेवालाई प्रभावकारी बनाउने ।

(झ) भूमिहीन र सिमान्त तथा साना किसानको कृषि भूमिमा पहुँच अभिवृद्धि गर्न अन्य आवश्यक कार्य गर्न गराउनमा सहजीकरण गर्ने ।

**१५. <u>कृषि कार्यः</u> यस ऐनको प्रयोजनका लागि** देहाय बमोजिमका कार्यलाई कृषि कार्यको रुपमा लिइनेछः

(क) स्थानीय तथा रैथाने लगायतका विभिन्न अन्नवाली सहितका खाद्यान्न बालीको उत्पादन।

(ख) फलफूल, तरकारी, दलहन, तेलहन, चिया कफी तथा मसलाजन्य बस्तु, च्याउ लगायतका नगदेवालीको खेती ।

(ग) रैथाने लगायत विभिन्न पशु, पन्छी, माछा तथा मौरी पालन ।

(घ) ऊखु, फूल, रेशम, कपास, जुट, सनपाट, काँस, बाबियो, बेत, बाँस तथा रबरखेती ।

(ङ) जडीबुटी खेति, घाँस उत्पादन र विरुवा उत्पादन तथा कृषि वन सञ्चालन ।

(च) कृषि कार्यका लागि आवश्यक पर्ने दाना, मलखाद, जैविक विषादी, कृषि औजार आदिको उत्पादन।

(छ) प्रचलित कानून बमोजिम अनुमति प्राप्त गरी जङ्गल र जलाशय खेति गरी उत्पादन गरिने अन्य उपभोग्य बस्तुहरु ।

(ज) खण्ड (क) देखि (च) सम्म गरिएका कृषि कार्यबाट उत्पादित वस्तुहरुको प्रारम्भिक भण्डारण, प्रशोधन र बजारीकरण ।

**१६. <u>कृषि भूमिको संरक्षणः</u>** (१) गाउँपालिकाले आफ्नो क्षेत्रभित्र पहिचान भएका कृषि भूमिको संरक्षणका लागि देहाय बमोजिमका कार्यक्रम सञ्चालन गर्नेछः

(क) कृषि भूमिलाई कृषि बाहेक अन्य प्रयोजनका लागि प्रयोग गर्नमा निरुत्साहित गर्ने ।

(ख) कृषि भूमिको ऊर्वरता शक्ति घटाउने, माटोको गुणस्तर ह्रास हुने, कृषि जैविक विविधता नष्ट हुने तथा मानव स्वास्थ्य, पशुपन्छी र जलचर लगायतका प्राणीलाई गम्भीर असर गर्ने खालका रासायनिक मल वा विषादी प्रयोगलाई निरुत्साहित गर्ने ।

(ग) प्राङ्गारिक मलको प्रयोग र पर्यावरणमैत्री कृषिलाई प्रवर्द्धन गरी जैविक कृषि उत्पादन बढाउन प्रोत्साहन गर्ने।

(घ) बहुवर्षिय र चक्रिय बाली लगाई भूमिको उत्पादकत्वमा वृद्धि ल्याउने सहयोग गर्ने।

(ङ) कृषि भूमिलाई बाढी पहिरो तथा नदी कटानबाट जोगाउन क्षयीकरण नियन्त्रण, पानीको उपयुक्त निकाश, तटबन्ध तथा गल्छी निर्माण, भिरालो जमिनमा गराखेति र आवश्यकता अनुसार कृषि वन प्रणाली अवलम्बन गर्नका लागि सहयोग र प्रोत्साहन गर्ने ।

(च) कृषि जमिन क्षति हुनेगरी सञ्चालन गरिने विकास आयोजनालाई स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदन अनुसारका कार्य गर्न लगाई क्षति भएको कृषि जमिनको पुनर्स्थापना गर्ने लगाउने ।

(छ) कृषि कार्यका लागि जमिनको चक्लाबन्दी गराउन र कृषि जमिन बाझो नराखी नियमित रुपमा खेति गर्नका लागि प्रोत्साहन गर्ने ।

(ज) कृषि भूमि संरक्षणका लागि आवश्यक स्रोत साधन सहित आवधिक रुपमा बजेट विनियोजन गरी संरक्षणका कार्यक्रम सञ्चालन गर्ने ।

(२) बाढी पहिरो लगायतका दैवि प्रकोपबाट कुनै किसानको कृषि भूमिको गुणस्तर ह्रास भएमा वा कृषिभूमि क्षति भएमा उक्त कृषि भूमिको उकासका लागि सम्बन्धित किसानलाई गाउँपालिकाबाट प्राविधिक तथा अन्य आवश्यक सहयोग उपलब्ध गराउन सकिनेछ ।

(३) बाढी पहिरो लगायतका दैवि प्रकोपका कारण कुनै किसानको कृषिभूमि उकास हुन नसक्ने गरी क्षति भएमा सो वापत जमिनको आर्थिक मूल्याङ्कन र किसानको जीविकाको विकल्प समेत मध्यनजर गरी गाउँपालिकाबाट प्रभावित किसानलाई क्षतिपूर्ती उपलब्ध गराउन सकिनेछ ।

**१७. <u>कृषियोग्य भूमिको उपयोगः</u>** (१) कृषि भूमि व्यवस्थापन समितिले गाउँपालिका भित्रको कृषि योग्य जमिनलाई बाँझो नराखी निरन्तर खेती गर्न प्रोत्साहन गर्ने गरी आवश्यक उत्प्रेरणात्मक कार्यक्रम सञ्चालन गरी कृषियोग्य जमिन बाँझो नरहने अवस्था सृजना गर्नेछ ।

(२) आफ्नो कृषियोग्य भूमिमा जग्गावाला आफैले कृषि कार्य गर्न नसक्ने वा नगर्ने व्यक्तिले व्यक्तिले सो को जानकारी सम्बन्धित वडा कार्यालयलाई गराउनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम जानकारी प्राप्त हुन आएमा जग्गावालाको भूस्वामित्वमा कुनै असर नपर्ने गरी उक्त जग्गालाई सम्बन्धित वडा कार्यालयले भाडामा लिई भूमिहीन किसान, सिमान्त किसान, कृषि श्रमिक, कृषक समूह वा अन्य पौरखी किसानबाट समेत

खेती गराई खेतीयोग्य जमिन बाँझो नराखी कृषि उत्पादन बढाउन आवश्यक व्यवस्था वा प्रवन्ध गर्न सक्नेछ ।

(४) कृषियोग्य जमिन भएका व्यक्ति तथा परिवारले करार गरी आफ्नो जमिन अन्य किसान परिवार, व्यक्ति, कृषक समूह तथा संस्थालाई भाडामा दिँदा लिन पाउने भाडादर सम्बन्धित वडा अध्यक्ष र कृषि भूमि व्यवस्थापन समितिको सिफारिसमा गाउँपालिकाले निर्धारण गर्न सक्नेछ ।

(५) उपदफा (४) बमोजिम निर्धारण गरिएको जग्गाको भाडादरसम्बन्धी सूचना कार्यपालिकाको कार्यालय र वडा कार्यालयमा सार्वजनिक रूपमा प्रकाशन गर्नुपर्नेछ ।

(६) उपदफा (४) बमोजिम भाडादर निर्धारण गर्दा जग्गाको ऊर्वरा शक्ति, सिंचाइ सुविधा तथा सम्बन्धित जग्गाको पहुँचमा रहेका कृषि पूर्वाधार र सुविधा समेतको आधारमा निर्धारण गर्नुपर्नेछ र यस्तो भाडादर कृषि जमिनको सुविधा अनुसार फरक हुन सक्नेछ ।

**१८. <u>करार खेति सम्बन्धी व्यवस्था:</u>** (१) कृषियोग्य जमिनमा आफैं खेती गर्न नसक्ने जग्गा धनीले त्यस्तो जमिन दफा १७ बमोजिम निर्धारित भाडा दरमा करार खेती गर्न इच्छुक कृषक वा कृषक समूहलाई खेती गरी कृषि उत्पादन गर्न वा पशुपन्छी तथा जलचर पालनका लागि करारमा उपलब्ध गराउन सक्नेछ ।

(२) करारमा जग्गा उपलब्ध गराउन ईच्छुक जग्गाधनीले गाउँपालिकामा आफ्नो कृषि भूमिको विवरण अभिलेखित गराउन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम अभिलेखित गराएको जमिनलाई कृषि उत्पादनका लागि उपयोग गर्न चाहने भूमिहीन किसान, दलित किसान, सिमान्त तथा साना किसान, महिला किसान तथा यस्ता किसानको कृषक समूहलाई करार गरी भाडामा उपलब्ध गराउन कृषि भूमि व्यवस्थापन समितिले आवश्यक सहयोग र सहजीकरण गर्नुपर्नेछ ।

(४) कृषि भूमि व्यवस्थापन समितिले तय गरेको भाडादरसँग तालमेल हुनेगरी कृषियोग्य जमिन भाडामा लिनेदिने न्यूनतम् अवधि तथा त्यसका शर्तहरु जग्गा धनी र कृषकको आपसी सम्झौता बमोजिम हुनेछन् ।

(५) उपदफा (४) को प्रयोजनका लागि सम्झौताको आवश्यक ढाँचा तथा अन्य आवश्यक कागजात तयारीमा कृषि भूमि व्यवस्थापन समितिले सहजीकरण गर्न सक्नेछ।

(६) जग्गा भाडामा लिने कृषक वा कृषक समूहले त्यस्तो भाडामा लिएको जग्गामा हानी नोक्सानी पुऱ्याउने तथा जमिनको कृषि उत्पादनशीलता घटाउने किसिमका कार्यहरु गर्न गराउन पाइने छैन र भाडामा लिएको कृषि जमिनको प्रयोगमा कुनै परिवर्तन गर्नुपरेमा जग्गाधनीको स्वीकृति लिनुपर्नेछ ।

(७) सरकारी निकाय वा सङ्घ संस्थाले भाडामा वा अन्य रुपमा कृषि कार्यका लागि किसानलाई उपलब्ध गराएको जमिन सम्बन्धित निकाय वा सङ्घ संस्थाको अनुमति नलिई कृषि कार्य बाहेक अन्य प्रयोजनका लागि उपयोग गर्न पाइने छैन।

(८) जग्गा भाडामा लिई करार खेति तथा व्यावसायिक खेतिगर्ने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(९) कृषि भूमि व्यवस्थापन समितिले गाउँपालिका क्षेत्रभित्र अधिँया वा बटैया प्रथालाई निरुत्साहित गर्दै करार प्रणालीबाट कृषि जमिनको उपयोग गरी कृषि उत्पादन बढाउन प्रोत्साहन गर्नु पर्नेछ ।

१९. **<u>सार्वजनिक कृषियोग्य भूमिको उपयोगः</u>** (१) गाउँपालिकाले आफ्नो क्षेत्रभित्र कुनै उपयोगमा आउन नसकी खाली रहेको र कृषि प्रयोजनका लागि उपयुक्त रहेको सार्वजनिक जमिनलाई उक्त जमिनको स्वामित्व रहेको निकाय वा संस्था र किसानबीच न्यूनतम् भाडा लिनेदिने शर्तमा करार गरी कृषि प्रयोजनका लागि कृषक वा कृषि समूहलाई उपलब्ध गराउन समन्वय र सहकार्य गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको कृषि जमिनको न्यूनतम भाडा दर निर्धारणका लागि कृषि भूमि व्यवस्थापन समितिले समन्वय गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम करार गरी कृषि कार्यका लागि जमिन उपलब्ध गराउँदा भूमिहीन किसान, सिमान्त किसान तथा साना किसान, महिला किसान तथा कृषिमा निर्भर दलित किसानलाई प्राथमिकता दिनु पर्नेछ।

(४) उपदफा (१) बमोजिम करार गरी लिने दिने गरेको जमिनमा करार अवधीभर कृषि कार्य बाहेक अन्य कार्य गर्न पाइने छैन ।

२०. **<u>सामुहिक खेतिः</u>** (१) गाउँपालिका क्षेत्रभित्र कुनै कृषक समूह वा कृषि सहकारी संस्थाले भूमिहीन किसान र सिमान्त तथा साना किसानका लागि समुहिक खेति गर्नेगरी जमिन उपलब्ध गराउन अनुरोध गरेमा कृषि भूमि व्यवस्थापन समितिले आवश्यक जमिनको खोजी गरी जमिन उपलब्ध गराउन सक्नेछ ।

(२) समुहिक खेतिबाट प्राप्त लाभको बाँडफाँड उक्त खेतिमा संलग्न किसानको आपसी सम्झौता बमोजिम हुनेछ ।

(३) सामुहिक खेतिबाट उत्पादित कृषि उपज र सोको विक्री वितरणबाट प्राप्त लाभमा कुनै पनि किसिमको स्थानीय कर लगाईने छैन ।

(४) निजी जमिनलाई पूर्ण वा आंशिक रुपमा चक्लाबन्दी गरी सामुहिक खेति गर्न चाहने कृषक समूह, कृषि सहकारी संस्था वा अन्य कुनै सामुदायिक संस्थालाई आवश्यक पर्ने विद्युत, सिंचाइ र कृषि सडक सहित भण्डारण र आवश्यक औजार तथा

उपकरणहरुमा समेत कार्यपालिकाको निर्णय बमोजिमका सुबिधाहरु प्रदान गर्न सकिनेछ।

## परिच्छेद छ
## सिंचाइ, बीउ बीजन, मलखाद तथा किटनाशक विषादी सम्बन्धी व्यवस्था

२१. **<u>सिंचाइको प्रवन्ध गर्नेः</u>** (१) गाउँपालिकाले आफ्नो क्षेत्रभित्रका खेतीयोग्य कृषि भूमिमा सतह सिंचाइ, भूमिगत सिंचाइ वा लिफ्ट सिंचाइ वा अन्य प्रविधिको प्रयोग गरी आवश्यकता अनुसार सिंचाइको प्रवन्ध गर्नेछ ।

(२) सिंचाइको सुविधा उपलब्ध नभएका खेतीयोग्य जमिनमा सिंचाइ सुविधाको प्रवन्ध गर्नका लागि गाउँपालिकाको लगानी बाहेक थप स्रोत साधन आवश्यक पर्ने देखिएमा नेपाल सरकार र प्रदेश सरकारसँग समन्वय र सहकार्य गरी सिंचाइ सेवाको प्रवन्ध गरिनेछ ।

(३) सम्बन्धित निकाय र कृषक समूह वा सिंचाइ जल उपभोक्ता संस्थाबीचको साझेदारी वा संयुक्त व्यवस्थापनमा सिंचाइ प्रणालीको स्थापना र सञ्चालन गर्ने सकिनेछ र यस सम्बन्धी अन्य व्यवस्था साझेदारीपत्रमा उल्लेख भए बमोजिम हुनेछ ।

(४) सतह सिंचाइ सञ्चालन हुन नसक्ने कृषि भूमिमा विद्युतबाट लिफ्ट सिंचाइ वा अन्य प्रविधि तथा सीप विकास गरी आकाशे पानी सङ्कलन गरी वा जमिनमुनिको पानी निकाली वैकल्पिक सिंचाईको व्यबस्था गर्न सिकनेछ।

(५) सिंचाइका लागि बिद्युतीय तथा सौर्य उर्जाको प्रयोगलाई प्रवर्द्धन गर्नुपर्नेछ।

(६) भूमिहीन किसान, सिमान्त तथा साना किसान, महिला किसान तथा कृषिमा निर्भर दलित किसानले लिफ्ट सिंचाइका लागि प्रयोग गर्ने कृषि मिटरमा उठेको वा अन्य विद्युत महशुल मध्ये कम्तिमा ५० प्रतितशत महशुल गाउँपालिकाले अनुदान स्वरुप उपलब्ध गराउन सक्नेछ।

(७) सिंचाइ प्रयोजनका लागि स्थापना गरिएका सौर्य उर्जा प्रणालीबाट उत्पादित विद्युतलाई नेपाल विद्युत प्राधिकरण वा अन्य कुनै निकाय वा सङ्घ संस्था वा व्याक्तिलाई विक्री गर्न सकिनेछ।

२२. **<u>बीउ बीजन, मलखाद तथा किटनाशक विषादीको उपलव्धताः</u>** (१) गाउँपालिकाले कृषिका लागि आवश्यक पर्ने बीउ बीजन स्थानीय स्तरमा नै उत्पादन गरी भण्डारण गर्नका लागि किसानलाई आवश्यक प्राविधिक सहयोग तथा सीप उपलब्ध गराउन र यसका लागि सम्भाव्यताका आधारमा रैथाने बीउ बीजन उत्पादन पकेट क्षेत्र निर्धारण गर् सक्नेछ।

(२) गाउँपालिकाले स्थानीय किसानको बीउ बीजन उत्पादन, भण्डारण र प्रयोगसम्बन्धी परम्परागत ज्ञानको अभिलेख गरी नेपाल सरकार तथा प्रदेश सरकारका जीन बैंक र कृषक समूहका सामुदायिक बीउ बैंक समेतको समन्वयमा रैथाने उन्नत बीउ बीजन र सो सम्बन्धी परम्परागत ज्ञानको संरक्षण र सदुपयोगका लागि आवश्यक स्रोत साधनको व्यवस्था गर्नेछ।

(३) गाउँपालिकाले कृषिका लागि आवश्यक पर्ने मलखाद आपूर्तिका लागि प्राङ्गारिक मल उत्पादन र उपयोग गर्नका साथै जैविक किटनाशक विषादीको उत्पादन र उपयोगमा प्राथमिकता दिनेगरी आवश्यक स्रोत साधन, प्रविधि र स्थानीय जनशक्तिको व्यवस्था गर्नेछ।

(४) गाउँपालिकाले आफ्नो क्षेत्रभित्र आवश्यक पर्ने थप बीउ बीजन, मलखाद तथा किटनाशक वा रोगनाशक विषादी उत्पादन तथा आयात गरी वडा कार्यालय वा कृषि सहकारी तथा कृषक समूह मार्फत भण्डारण र वितरण गर्ने प्रवन्ध गर्न सक्नेछ।

(५) उपदफा (४) बमोजिम उत्पादन तथा भण्डारण भएको बीउ बीजन, मलखाद तथा किटनाशक विषादी कृषकलाई वडा कार्यालयले आफै वा कृषि सहकारी संस्था वा सेवा प्रदायक मार्फत उपलव्ध गराउन सक्नेछ।

(६) मानव तथा पशुपन्छी र जलचरको स्वास्थ्यमा असर पार्ने र कृषि उत्पादनशीलतामा ह्रास ल्याउने खालका तथा मान्यताप्राप्त निकायबाट प्रमाणीकरण नगरिएका र प्रयोग नगर्नु नगराउनु भनी प्रतिबन्ध लगाइएका बीउ बीजन, मलखाद तथा किटनाशक विषादीको प्रयोग गर्न गराउन पाइने छैन।

(७) किसानहरुमा रासायनिक मल तथा किटनाशक विषादीलाई निरुत्साहित गर्दै जैविक विषादी तथा प्राङ्गारिक खेती प्रविधिलाई प्रोत्साहन हुनेगरी गाउँपालिकाबाट विभिन्न सेवा सुविधा र प्रविधि उपलब्ध गराउन सकिनेछ।

(८) बीउ बीजनका लागि सेवा सुविधा, अनुदान र सहयोग उपलब्ध गराउँदा वा कार्यक्रम सञ्चालन गर्दा बालीजन्य बीउ बीजन र घाँस बाली गरी दुबै किसिमका बीउ बीजन उत्पादन र वितरणलाई महत्व दिनु पर्नेछ।

(९) गाउँपालिकाले बीउ बीजन, मलखाद तथा किटनाशक विषादीको अनाधिकृत तथा मनोमानी खरिद बिक्रीमा नियन्त्रण गर्नका लागि आवश्यक प्रविधिको समेत प्रयोग गरी नियमित रुपमा बजार अनुगमन गर्नेछ।

(१०) उमारशक्ति नभएको वा फलफूल लाग्न नसक्ने किसिमको बीउ बीजन बिक्री वितरण गरेको कारण किसानलाई कुनै हानी नोक्नानी तथा क्षति हुन गएमा उक्त क्षति वापत त्यस्तो बीउ बीजन सप्लाई गर्ने व्यक्ति वा फर्मले प्रभावित किसानलाई प्रचलित कानून बमोजिम क्षतिपूर्ति दिनु पर्नेछ।

२३. **<u>सामुदायिक बीउ बैंक स्थापना गर्न सकिने:</u>** (१) गाउँपालिका क्षेत्रभित्र रहेका कृषक समूहले स्थानीय स्तरमा एकल वा सामूहिक रुपमा पर्यावरण र जलवायुमैत्री किसिमको सामुदायिक बीउ बैंक स्थापना र सञ्चालन गर्न सक्नेछन्।

(२) उपदफा (१) बमोजिम सामुदायिक बीउ बैंक स्थापना र सञ्चालन गर्न चाहने कृषक समूहलाई गाउँपालिकाले आवश्यक सहयोग उपलब्ध गराउन सक्नेछ र यसका लागि सम्बन्धित सङ्घ संस्था र बीउ बीजन व्यावसायीबाट समेत आवश्यक सहयोग लिन सकिनेछ।

(३) सामुदायिक बीउ बैंकका माध्यमबाट रैथाने बीउ बीजनको पहिचान, अभिलेख तथा सूचीकरण, प्रचार प्रसार र प्रयोगका लागि उत्प्रेरणा प्रदान गर्नुका साथै स्थानीय किसानको रैथाने बीउ बीजनसम्बन्धी परम्परागत ज्ञान एवम् प्रथाजनित अभ्यासको अभिलेख तयार गरी राख्नु पर्नेछ ।

(४) उपदफा (३) बमोजिमको अभिलेखको एकप्रति गाउँपालिकामा समेत अभिलेखका लागि उपलब्ध गराउनु पर्नेछ।

(५) सामुदायिक बीउ बैंक स्थापना र सञ्चालन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

## परिच्छेद सात
## कृषि सम्बन्धी सूचना, प्राविधिक ज्ञान र सीप सम्बन्धी व्यवस्था

२४. **कृषि सिकाई केन्द्र स्थापना गर्न सकिने:** (१) गाउँपालिकाले कृषि कार्य र पशुपन्छी तथा जलचर पालनका लागि वडा कार्यालयमा प्राविधि र प्राविधिक जनशक्ति सहितको कृषि सिकाइ केन्द्र स्थापना गर्न सक्नेछ।

(२) कृषि तथा पशुपन्छी विकास शाखाले कृषि सिकाई केन्द्रमार्फत किसानलाई कृषि कार्य र पशुपन्छी तथा जलचर पालनका लागि आवश्यक प्राविधिक सहयोग र प्रविधि तथा सूचना प्रवाह गर्नेछ।

(३) कृषि तथा पशुपन्छी क्षेत्रमा कार्य गर्न इच्छुक निकाय, सङ्घ संस्था र निजि क्षेत्रले सम्बन्धित वडा कार्यलयसँग अनिबार्य रुपमा समन्वय गर्नु पर्नेछ।

(४) गाउँपालिकाले किसानलाई कृषि तथा पशुपन्छीसम्बन्धी आपतकालिन सहयोग तथा उद्धार कार्यका लागि नेपाल सरकार, प्रदेश सरकार र सरोकारवाला संघ संस्थासँग समेत समन्वय गरी स्रोत साधन र प्रविधि सहित आवश्यक सहयोग गर्न सक्नेछ ।

२५. **कृषिसम्बन्धी सूचनामा पहुँच:** (१) कृषि सम्बन्धी सूचनामा कृषकको सहज पहुँचका लागि गाउँपालिकाले कृषि सूचना केन्द्र स्थापना गरी सञ्चालन गर्न सक्नेछ ।

(२) कृषि सूचना केन्द्रले कृषि विकास तथा पशुपन्छी र जलचर पालन तथा विक्री वितरणको लागि गाउँपालिकाबाट तर्जुमा गरिएका योजना तथा कार्यक्रम र विनियोजित बजेटबारे प्रत्येक वडा र वडाले तोकेका टोलमा त्यस्तो योजना तथा कार्यक्रम पारित

भएको मितिले बढीमा पन्ध्र दिनभित्र किसानले प्राप्त गर्न सक्ने सेवा सुविधाको विषयमा सार्वजनिक सूचना प्रकाशन गर्नेछ।

(३) कृषि तथा पशुपन्छी र जलचरसम्बन्धी कार्यक्रमका बारेमा किसानहरु बीच सहज रुपमा सूचना प्रवाहको लागि कृषि शाखामा कृषि सूचना अधिकारीको व्यवस्था गर्नु पर्नेछ र उक्त शाखाको प्रमुख नै कृषि सूचना अधिकारीको रुपमा रहने छन्।

(४) कृषि सूचना केन्द्रले कृषि तथा पशुपन्छी र जलचरसम्बन्धी विषयमा किसानले पाउनु पर्ने सेवा सुविधासम्बन्धी आधारभूत सूचना र जानकारी स्थानीय टेलिभिजन, एफएम रेडियो र स्थानीय रुपमा प्रकाशित अनलाइन पत्रिका र सामाजिक सञ्जाल मार्फत प्रकाशन तथा प्रचार प्रसार गर्नुपर्नेछ।

(५) नेपाल सरकार, प्रदेश सरकार र गाउँपालिकाबाट किसानले पाउन सक्ने सेवा तथा सुविधाका बारेमा स्थानीय एफएम रेडियो वा अन्य उपयुक्त सञ्चार माध्यममा कृषि प्रसार कार्यक्रम प्रशारण गर्न सकिनेछ।

(६) कृषिसम्बन्धी सूचनामा किसानको पहुँचका लागि प्रचार प्रसार गर्दा कृषक समूहका सञ्जाल मार्फत र स्थानीय मातृभाषामा प्रचार प्रसार गर्न प्राथमिकता दिनु पर्नेछ।

(७) कृषि तथा पशुपन्छी सेवाको प्रचार प्रसारलाई प्रभावकारी बनाउन, कृषि तथा पशुपन्छीका लागि आकस्मिक सेवा प्रदान गर्न र कृषि क्षेत्र र पशुपन्छीलाई प्राकृतिक प्रकोप, जलवायुजन्य जोखिम र महामारीबाट बचाउनका लागि गाउँपालिकामा कल सेन्टरको स्थापना र सञ्चालनका साथै मौसम लगायतका विषयमा कृषि परामश सेवा तथा मोबाइल एप जस्ता आधुनिक प्रविधि र सूचना प्रणालीको उपयोग गर्न प्राथमकिता दिनु पर्नेछ।

२६. **कृषिसम्बन्धी प्राविधिक ज्ञान तथा सीप वृद्धिः** (१) कृषि र पशुपन्छी तथा जलचर पालनलाई कृषकको जीविकोपार्जनका साथै व्यवसायिक रुपमा प्रवर्द्धन गर्नका लागि गाउँपालिकाले आफै वा विभिन्न निकाय र परियोजनाको समन्वयमा प्रत्येक वडा कार्यालयमा कृषि तथा पशुपन्छी प्राविधिकको व्यवस्था गर्न सक्नेछ।

(२) गाउँपालिकाले कृषकलाई सामुहिक रुपमा प्राविधिक ज्ञान र सीप विकासका लागि आफै वा सेवा प्रदायक संस्थाको माध्यमबाट समुदायस्तरमा नियमित रुपमा तालिम सञ्चालन गर्न सक्नेछ।

(३) गाउँपालिकाले कृषि विकास तथा पशुपन्छी र जलचर पालनका क्षेत्रमा उपलब्ध वातावरणमैत्री आधुनिक यन्त्रहरुमा किसानलाई सुपथ र सरल रुपमा पहुँच बढाई यान्त्रीकरण गर्न प्रोत्साहन गर्नेछ।

(४) प्रत्येक वडामा स्थानीय कृषक समूह, कृषि सहकारी संस्था वा स्थानीय कृषि फार्म वा वडा कार्यालय आफैले कम्तिमा एक वटा नमुना कृषि फार्म स्थापना र सञ्चालन गरी उक्त फार्ममार्फत किसानलाई आवश्यक तालिम सञ्चालन गर्न सकिनेछ।

(५) गाउँपालिकाले कृषि मूल्य श्रृङ्खलामा आवद्ध कृषि व्यावसायी र कृषि उपज उत्पादक कृषकबीच स्वच्छ समन्वय र सहकार्य विकास गर्नेछ।

२७. **कृषक पाठशाला, किसान चौतारी स्थापना गर्न सकिनेः** (१) गाउँपालिकाले कृषकको लागि कृषि सम्बन्धी प्राविधिक ज्ञान, सीप र क्षमता विकासको निमित्त प्रत्येक वडामा कम्तिमा एउटा कृषक पाठशाला स्थापना गरी सञ्चालन गर्नेछ।

(२) गाउँपालिकाले कृषि तथा पशुपन्छी र जलचर पालन सम्बन्धमा कृषकले हासिल गरेका अनुभव र परम्परागत एबम् आधुनिक ज्ञान एक आपसमा आदान प्रदान गर्ने र नियमित रुपमा किसान सम्वाद आयोजना गर्ने उद्देश्यले गाउँ वा टोलस्तरमा किसान चौतारीको स्थापना र सञ्चालन गर्न सक्नेछ।

(३) कृषक पाठशाला, किसान चौतारी, प्लान्ट क्लिनिक, माटो शिविर र कृषि सिकाई केन्द्रको क्षमता विकासका लागि कृषि ज्ञान केन्द्रबाट सहयोग लिन सकिनेछ।

(४) गाउँपालिकाले कृषक समूह र अन्य कृषि सरोकारवालासँगको समन्वयमा कृषकलाई उपयुक्त हुने स्थानमा कृषि संग्रहालय स्थापना गर्न सक्नेछ।

(५) गाउँपालिकाले किसानलाई उत्प्रेरित गर्न समय समयमा कृषि मेला तथा पशुपन्छी प्रदर्शनी मेला तथा कृषि र पशुपन्छी व्यापार मेलाको आयोजना गर्नेछ।

(६) गाउँपालिकाले स्थानीय स्तरमा रहेका कृषि स्रोत व्यक्तिहरुको अभिलेख राखी उनीहरुको सीप र क्षमताका आधारमा कृषि स्वयमसेवकको रुपमा कृषि विकासका लागि परिचालन गर्न सक्नेछ।

## परिच्छेद आठ
## कृषि व्यावसाय प्रवर्द्धनका लागि वित्तीय प्रोत्साहन सम्बन्धी व्यबस्था

२८. **कृषि व्यवसायको किसिमः** गाउँपालिका क्षेत्रभित्र व्यावसायिक उद्देश्यले गरिने देहाय बमोजिमका कार्यलाई कृषि व्यवसायको रुपमा लिइनेछः

(क) कृषि बाली वा बस्तुको उत्पादन,
(ख) कृषिजन्य वस्तुको प्रशोधन तथा विविधिकरण,
(ग) कृषि उपजको व्यापार,
(घ) कृषि उत्पादनका लागि प्रयोग हुने प्राङ्गारिक मलको उत्पादन, भण्डारण तथा वितरण,

(ङ) कृषि उत्पादनको लागि प्रयोग हुने कृषि औजार, बीउ, बेर्ना, नश्ल र भुराको उत्पादन, परामर्श सेवा, भण्डारण तथा वितरण,

(च) कृषिमा प्रयोग हुने किटनाशक विषादीको उत्पादन, परामर्श, भण्डारण तथा बिक्री व्यवसाय,

(छ) पशु बधस्थल, मासुजन्य वस्तु विक्री वितरण।

२९. **<u>कृषि व्यवसायको प्रवर्द्धन गर्न सकिनेः</u>** कृषि, पशुपन्छी जलचर सम्बन्धी व्यावसाय प्रवर्द्धनका लागि गाउँपालिकाले देहाय बमोजिमका कार्यहरु गर्न सक्नेछः

(क) आवश्यक योजना तथा कार्यक्रम तर्जुमा गरी बजेट विनियोजन गर्ने,

(ख) आवश्यक ज्ञान, सीप, प्रविधि तथा अन्य आवश्यक विषयको उचित व्यवस्था गर्न आफै वा विभिन्न सेवा प्रदायक मार्फत प्रवर्द्धनात्मक कार्य गर्ने,

(ग) अनुदान उपलब्ध गराउने कार्यविधि तर्जामु गरी कार्यान्वयन गर्ने,

(घ) कृषकलाई सहुलियत दरमा ऋण उपलब्ध गराउन र कृषि ऋणको ब्याज अनुदान उपलब्ध गराउन वित्तीय संस्था र अन्य निकायमा सिफारिस गर्ने,

(ङ) उत्कृष्ट कृषि व्यावसायी किसान तथा कृषक समूह वा कृषि सहकारी संस्था छनौट गरी पुरस्कार तथा छुट सहुलियत प्रदान गर्ने,

(च) व्यवसाय प्रवर्द्धनमा सहयोगी हुने खालका रैथाने बीउ, प्रविधि एवम् ज्ञान संरक्षणका लागि स्रोत साधन र सहयोग उपलब्ध गराउने,

(छ) व्यवसाय प्रवर्द्धनका लागि उपलब्ध गराइएका सेवा, सुविधाको प्रयोग तथा सदुपयोग बारे अनुगमन र मूल्याङ्कन गरी अभिलेख राख्ने र आवश्यक परामर्श प्रदान गर्ने,

(ज) व्यवसाय प्रवर्द्धनका लागि निर्माण गरेका कृषि बजार, कृषिवस्तु सङ्कलन केन्द्र र अन्य कृषि पूर्वाधारको नियमित रुपमा मर्मत सम्भार र सञ्चालन गर्ने,

(झ) कृषि व्यवसाय प्रवर्द्धनका लागि नेपाल सरकार, प्रदेश सरकार, कृषिसम्बन्धी नागरिक समाज र व्यावसायिक क्षेत्रसँग नियमित रुपमा समन्वय र सहकार्य गर्ने।

३०. **<u>कृषि फर्म स्थापना र सञ्चालनः</u>** (१) गाउँपालिकाले कृषि तथा पशुपन्छी क्षेत्रको व्यावसायीकरणका लागि कृषि तथा पशुपन्छी फर्म स्थापना र सञ्चालन गर्न चाहने किसान, कृषक समूह, पशुपालक समूह, कृषि सहकारी संस्था वा अन्य व्यावसायिक किसानलाई आवश्यक सहजीकरण गर्नेछ।

(२) कृषि तथा पशुपन्छी फर्म स्थापना र सञ्चालन गर्दा भूमिहिन किसान, सिमान्तकृत किसान, साना किसानको हितलाई ध्यान दिनु पर्नेछ र किसानको भूमिमाथिको अधिकारमा प्रभाव नपर्ने कुरा सुनिश्चत गर्नु पर्नेछ।

(३) कृषि तथा पशुपन्छी फर्म स्थापना र सञ्चालन गर्दा वातावरण संरक्षणसम्बन्धी प्रचलित कानूनले तोकेका वातावरणीय दायित्व पुरा गर्नुका साथै सामाजिक तथा साँस्कृतिक क्षेत्रमा नराकारात्मक प्रभाव पार्न पाइने छैन।

(४) कृषि तथा पशुपन्छी फर्म स्थापना र सञ्चालनका लागि प्रचलित कानून बमोजिम उद्योग वा कम्पनीको रुपमा दर्ता हुनुपर्ने भए सम्बन्धित निकायमा दर्ता भई गाउँपालिकामा फर्मको व्यावसाय दर्ता गरेको हुनु पर्नेछ।

(५) कृषि तथा पशुपन्छी फर्म स्थापना र सञ्चालन सम्बन्धी मापदण्ड र अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

३१. **कृषकलाई अनुदान र छुट सुविधा दिन सकिने:** (१) गाउँपालिकाले कृषि तथा पशुपन्छी र जलचर पालनमा संलग्न भूमिहीन किसान, सिमान्त किसान, साना किसान, महिला किसान र कृषिमा आश्रित दलित तथा आदिवास जनजाति किसानलाई प्राथमिकता प्रदान गरी देहाय बमोजिमको कृषि अनुदान, छुट सुविधा र सहुलियत प्रदान गर्न सक्नेछः

(क) कृषि उपज र पशुपन्छी तथा जलचरमा स्थानीय कर शुल्कमा छुट,

(ख) कृषि तथा पशुपन्छी र जलचर पालन कार्यका लागि किसानलाई सिफारिस दिंदा लाग्ने दस्तुर छुट,

(ग) व्यवसाय प्रवर्द्धनका लागि आवश्यक पर्ने ढुवानी साधन, यान्त्रिक उपकरण, हाट बजार, संकलन केन्द्र र शित भण्डारण केन्द्र आदिका लागि अनुदान,

(घ) परम्परागत कृषि औजार निर्माण गर्ने किसानलाई व्यवसाय दर्तामा छुट र सोको लागि अनुदान,

(ङ) कृषि कार्यका लागि महिलामैत्री यन्त्र, उपकरण र बजार व्यवस्थापनमा अनुदान,

(च) अन्य अत्यावश्यक अनुदान तथा सुविधाहरु।

(२) उपदफा (१) बमोजिमका छुट तथा अनुदान प्रदान गर्दा किसानको वर्गिकरण र कृषक परिचय पत्रलाई आधार मानी आर्थिक ऐनमा व्यवस्था गरी गर्नु पर्नेछ।

(३) स्थानीय कृषि वस्तु तथा पशुपन्छीजन्य उत्पादनमा उल्लेखनीय योगदान गर्ने किसानलाई निश्चित् परिमाणको कृषि वस्तु तथा पशुपन्छी उत्पादन पश्चात् अनुदान प्रदान गर्नेगरी उत्पादनमा आधारित अनुदान कार्यक्रम सञ्चालन गर्न सकिनेछ।

३२. **अनुदान सिफारिश तथा अनुगमन समिति:** (१) कृषि तथा पशुपन्छी र जलचर व्यवसाय प्रवर्द्धनका लागि सहुलियत र अनुदान प्रदान गर्नका लागि देहाय बमोजिमको एक अनुदान सिफारिस तथा अनुगमन समिति गठन हुनेछः

(क) आर्थिक विकास समितिको अध्यक्ष - संयोजक

(ख) राष्ट्रिय कृषक समूह महासंघको स्थानीय प्रतिनिधि - सदस्य

(ग) कृषि तथा पशुपन्छी व्यवसायीहरुको तर्फबाट एक जना महिला सहित दुई जना प्रतिनिधी - सदस्य

(घ) एक जना महिला सहित दुई जना कृषक प्रतिनिधि - सदस्य

(ङ) कृषि तथा पशुपन्छी विकास शाखाको प्रमुख - सदस्य सचिव

(२) यस दफा बमोजिम प्रदान गरिने अनुदानका लागि कृषक छनौट, अनुदान रकमको सीमा निर्धारण, अनुदान प्रदान गर्ने विधि प्रकृया र सो सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

(३) उपदफा (१) बमोजिमको समितिले कृषि व्यवसाय प्रवर्द्धनका लागि प्रदान गरिएको अनुदानको उपयोगको अवस्था र यसमा सुधार गर्नुपर्ने विषय समेत समेटी वार्षिक रुपमा प्रतिवेदन तयार गरी सभामा पेश गर्नु पर्नेछ।

(४) उपदफा (३) बमोजिम पेश भएको प्रतिवेदनका आधारमा गाउँपालिकाले कृषि व्यवसाय प्रवर्द्धनका लागि अनुदान कार्यक्रममा आवश्यक परिमार्जन गर्नेछ।

**३३. <u>कृषि ऋणमा पहुँचः</u>** (१) गाउँपालिकाले कृषकलाई कृषि व्यवसाय प्रवर्द्धनको लागि लगानी गर्न आवश्यक पर्ने रकम बिना धितो वा धितो सहित सहुलियत व्याजदरमा वा ब्याज अनुदान प्राप्त हुनेगरी कृषि ऋण उपलब्ध गराउन बैंक तथा वित्तीय संस्थामा सिफारिस गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम सिफारिस गर्दा ध्यान दिनुपर्ने विषय र सिफारिसका आधारहरु तोकिए बमोजिम हुनेछ।

(३) किसानलाई कृषि ऋण उपलब्ध गराउने प्रयोजनका लागि बैंक तथा वित्तिय संस्थाले सञ्चालन गरेका सुहलियत योजना बारे गाउँपालिकालाई पूर्वजानकारी गराउनु पर्नेछ।

**३४. <u>कृषि बाली तथा पशुपन्छी बीमाः</u>** (१) गाउँपालिकाले सम्बन्धित बीमक निकायको नियम अनुसार कृषकले कृषि बाली वा कृषि उपज तथा पशुपन्छी र जलचरको बीमा सहज रुपमा गर्न सक्ने अवस्था सिर्जना गर्नका लागि आवश्यक समन्वय गर्न सक्नेछ।

(२) कृषि तथा पशुपन्छी बीमा गर्न नसक्ने गरिव तथा विपन्न र सिमान्त किसानका लागि कृषि तथा पशुपन्छी बीमा गर्न आवश्यक पर्ने रकम गाउँपालिकाले अनुदानको रुपमा उपलब्ध गराउन सक्नेछ।

(३) बिमा कम्पनीले गाउँपालिकासँगको समन्वयमा बीमा कार्यका लागि प्रमाणपत्र प्राप्त गरेका अभिकर्ताको परिचालन गरी कृषि बाली तथा पशुपन्छी र जलचरको बीमा गर्ने कार्य गर्न सक्नेछ र यसरी बीमा कार्यक्रम सञ्चालन गर्दा बीमा विषयमा किसानले बुझ्नेगरी प्रचार प्रसारको व्यवस्था समेत मिलाउनु पर्नेछ।

(४) कृषि तथा पशुपन्छी बीमाको अभिलेख बीमा कम्पनीले गाउँपालिकालाई वार्षिक रुपमा उपलब्ध गराउनु पर्नेछ।

(५) कृषक तथा बिमा कम्पनीबीच बिमा सम्बन्धी कुनै विषयमा विवाद उत्पन्न भएमा विवाद समाधानका लागि गाउँपालिकाले समन्वय तथा सहजीकरण गर्न सक्नेछ।

(६) कृषि तथा पशुपन्छी बीमा अनुदान कार्यक्रम सञ्चालन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

**३५. <u>कृषि व्यवसाय प्रवर्द्धन कोषको स्थापनाः</u>** (१) कृषि व्यवसाय प्रवर्द्धनका लागि गाउँपालिकामा कृषि व्यवसाय प्रवर्द्धन कोषको स्थापना गरिनेछ।

(२) उपदफा (१) बमोजिम स्थापना हुने कोषमा देहाय बमोजिमका रकम जम्मा हुनेछः

(क) नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त अनुदान रकम,

(ख) गाउँपालिकाबाट वार्षिक बजेटमार्फत विनियोजन भएको रकम,

(ग) नेपाल सरकारको अनुमतिमा विदेशी सरकार र अन्तराष्ट्रिय सङ्घ संस्थासँग सम्झौता गरी कृषि व्यावसाय प्रवर्द्धनका लागि उपलब्ध भएको रकम,

(घ) आर्थिक ऐन बमोजिम सङ्कलन गरिने कृषि सेवा शुल्कको कम्तिमा पन्ध्र प्रतिशत रकम,

(ङ) अन्य कुनै स्रोतबाट प्राप्त रकम।

(३) कृषि व्यवसाय प्रवर्द्धन कोष सञ्चालनको लागि कार्यपालिकाले एक सञ्चालक समिति गठन गर्नेछ र कोष सञ्चालन सम्बन्धी कार्यविधि समिति आफैले तय गर्न सक्नेछ।

**३६. <u>कोषको रकम उपयोग गर्न सकिने क्षेत्रहरूः</u>** (१) कृषि व्यवसाय प्रवर्द्धन कोष सञ्चालक समितिको सिफारिसमा कार्यपालिकाको निर्णय बमोजिम कोषको रकम देहाय बमोजिमका कार्यका लागि उपयोग गर्न सकिनेछः

(क) कृषि तथा पशुपन्छी र जलचर पालनमा आधारित व्यवसाय प्रवर्द्धन गर्न,

(ख) कृषि तथा पशुपन्छी र जलचर पालनबाट उत्पादित वस्तुको बजार प्रवर्द्धन गर्न,

(ग) कृषि तथा पशुसेवा सम्बन्धी प्राविधिक जनशक्ति उत्पादन गर्न,

(घ) जैविक तथा प्राङ्गारिक खेतीको विस्तार तथा प्रवर्द्धन गर्न,

(ङ) स्थानीय नश्लका पशुपन्छीको संरक्षण र विस्तार गर्न र कृत्रिम गर्भाधानद्वारा उन्नत नश्लका पशुपन्छीको विकास र विस्तार गर्न,

(च) कृषि जमिनको माटो परीक्षण तथा उत्पादकत्व संरक्षण गर्न,

(छ) कृषि तथा पशुपालन क्षेत्रमा किसानका आवश्यकता अनुसार अध्ययन, अनुसन्धान गर्न,

(ज) बाली तथा पशुपन्छी बीमा प्रवर्द्धन तथा विस्तार गर्न,

(झ) कृषि तथा पशुपन्छी र जलचर पालनका लागि आवश्यक अनुदान उपलब्ध गराउन,

(ञ) व्यवस्थित कृषि बजार तथा पशुबधशाला निर्माण गर्न,

(ट) कृषि तथा पशुपन्छी पालन सम्बन्धी तालिम तथा शिक्षा विस्तार गर्न,

(ठ) कृषि तथा पशुपन्छी पालन सम्बन्धी कार्यको अनुगमन तथा मूल्याँकन सम्बन्धी कृयाकलाप सञ्चालन गर्न।

(२) उपदफा (१) मा तोकिएका बाहेक कृषि व्यवसाय प्रवर्द्धनका अन्य क्षेत्रमा कोषको रकम खर्च गर्नु पर्ने अवस्थामा कोष सञ्चालक समितिको सिफारिशमा कार्यपालिकाले आवश्यक निर्णय गर्न सक्नेछ।

## परिच्छेद नौं

## कृषि उत्पादनको वर्गीकरण, भण्डारण तथा प्रशोधन सम्बन्धी व्यवस्था

३७. **कृषि उत्पादनको वर्गीकरणः** गाउँपालिकाले आफ्नो क्षेत्रभित्रको कृषि उत्पादनलाई देहाय बमोजिम हुनेगरी वर्गीकरण गर्नेछः

(क) अन्न बालीः सबै प्रकारका अन्न बालीहरु

(ख) तरकारी बालीः च्याउ लगायत सबै प्रकारका तरकारी बालीहरु

(ग) फलफूल बालीः सबै प्रकारका फलफूलहरु

(घ) जरेबालीः तरुल, पिडालु, शखरखण्ड, कन्दमूल लगायतका बालीहरु

(ङ) तेलहनः सबै किसिमका तेलहन बालीहरु

(च) दलहनः सबै किसिमका दलहन बालीहरु

(छ) पशुजन्य उत्पादनः गाईगोरु, भैंसी, खसी, बाख्रा, वंगूर, भेडा लगायत सबै प्रकारका घरपालुवा पशुहरु

(ज) दुधजन्य उत्पादनः सबै प्रकारका दुधजन्य उत्पादनहरु

(झ) मासुजन्य उत्पादनः मासु खान हुने विभिन्न घरपालुवा पशुपन्छीको मासु

(ञ) पन्छीजन्य उत्पादनः मासु, अण्डा, बीउ तथा मलका लागि कुखुरा, हाँस लगायतका सबै प्रकारका घरपालुवा पन्छीहरु र रेशम खेतिका उत्पादनहर

(ट) माछापालनः मासु तथा बीउ उत्पादनका लागि सबै प्रकारका माछाहरु

(ठ) मौरी पालनः मह तथा मौरीघार

(ड) फूल खेतीः गाउँपालिका क्षेत्रभित्र र बाहिर समेत आपूर्ति हुने सबै प्रकारका फूल (पुष्प) खेतीबाट उत्पादित फूलहरु

(ढ) मसलाजन्य उत्पादनः गाउँपालिका क्षेत्रभित्र उत्पादन हुने सबै प्रकारका मसलाहरु

(ण) जडिबुटीः निजी जग्गा र वन क्षेत्रबाट उत्पादन तथा सङ्कलन हुने सबै प्रकारका जडिबुटीहरु

(त) काष्ठफलहरुः बदाम, ओखर लगायतका बालीहरु

(थ) नगदेवालीः चीया, कफी, अलैची, उँखु, जुट आदी

(द) नर्सरीका उत्पादनहरुः विभिन्न विधिबाट उत्पादिन सबै प्रकारका विरुवाहरु।

३८. **कृषि उपजको भण्डारण र प्रशोधनः** (१) गाउँपालिकाले आफ्नो क्षेत्रभित्र कृषि उपजको भण्डारण तथा प्रशोधनका लागि शीत भण्डार, चिस्यान केन्द्र, सङ्कलन केन्द्र, भण्डारण कक्ष, प्रशोधन केन्द्र लगायतका भौतिक पूर्वाधार निर्माण गरी किसानले सहुलियत दरमा उपयोग गर्न पाउने गरी सञ्चालनमा ल्याउन सक्नेछ।

(२) उपदफा १ बमोजिमको पूर्वाधार निर्माण र सञ्चालनका लागि गाउँपालिकाले कृषि सहकारी सस्था वा कृषक समूहसँग संयुक्त लगानी वा व्यवस्थापन गर्न सक्नेछ ।

(३) कृषि उपजको प्रशोधन तथा भण्डारण लगायतका पूर्वाधारको उपयोग बापत लाग्ने शुल्क कार्यपालिकाले तोके बमोजिम हुनेछ।

(४) गाउँपालिकाले आफ्नो क्षेत्रभित्र उत्पादित कृषिजन्य कच्चा पदार्थको औधोगिक क्षेत्रमा निर्यात गर्नका लागि आवश्यक प्रबन्ध मिलाउन सक्नेछ।

(५) गाउँपालिकाले आफ्नो क्षेत्रभित्र आवश्यकता र सम्भाव्यता अनुरुपको कृषि उत्पादन केन्द्रित प्रशोधन केन्द्रको स्थापना र सञ्चालन गर्न प्राथमिकता दिनु पर्नेछ।

## परिच्छेद दश
## कृषि बजार प्रणाली व्यवस्थापन सम्बन्धी व्यवस्था

३९. **कृषि बजार र कृषि उपज संकलन केन्द्रको स्थापनाः** (१) गाउँपालिकाले आफ्नो क्षेत्रभित्र कृषि उत्पादन बिक्रीका लागि किसान र सरोकारवालासँगको परामर्शमा उपयुक्त स्थानहरुमा कृषि बजार वा कृषि उपज संकलन केन्द्रको स्थापना गरी आफै वा कृषक समूह तथा कृषि सहकारी संस्था मार्फत सञ्चालन गर्न सक्नेछ।

(२) गाउँपालिकामा दर्ता भएका कृषि सम्बन्धी सहकारी संस्था, कृषक समूह वा कृषि सम्बन्धी व्यवसायिक संस्थाले कार्यपालिकाको अनुमति लिइ कृषि बजार वा कृषि उपज सङ्कलन केन्द्र स्थापना र सञ्चालन गर्न सक्नेछन्।

(३) गाउँपालिका क्षेत्रभित्र सञ्चालन गरिने कृषि बजारको वर्गीकरण देहाय बमोजिम हुनेछः

(क) थोक बजार

(ख) खुद्रा बजार

(ग) हाटबजार

(घ) कृषि सहकारी संस्था र कृषक समूहको संयुक्त हाटबजार

(ङ) कृषि उपज सङ्कलन केन्द्र ।

(४) उपदफा (१) बमोजिमका बजार सञ्चालन र व्यवस्थापन वापत लाग्ने सेवाशुल्क आर्थिक ऐनमा तोकिए बमोजिम हुनेछ।

(५) कृषि बजार वा कृषि उपज सङ्कलन केन्द्रमा कृषि उपजको खरिद विक्री गर्दा गाउँपालिकाले निर्धारण गरेको न्यूनतम सर्मथम मूल्यमा मात्र खरिद बिक्री गर्नुपर्नेछ।

(६) कृषि बजार वा कृषि उपज सङ्कलन केन्द्रको सञ्चालनसम्बन्धी अन्य व्यवस्था कार्यपालिकाले निर्धारण गरे बमाजिम हुनेछ।

(७) गरिब तथा विपन्न र सिमान्तकृत किसानले उत्पादन गरेका कृषि उपज बजारसम्म ढुवानी गर्नका लागि गाउँपालिकाले कृषि उपजमा ढुवानी अनुदान वा कृषि एम्बुलेन्स सेवा उपलब्ध गराउन सक्नेछ।

४०. **कृषि बजार व्यवस्थापन तथा अनुगमन समितिः** (१) गाउँपालिका क्षेत्रभित्र स्थापना भएका कृषि बजार तथा कृषि उपज सङ्कलन केन्द्रको व्यवस्थापन र अनुगमनका लागि देहाय बमोजिमको कृषि बजार व्यवस्थापन तथा अनुगमन समिति गठन हुनेछः

(क) गाउँपालिकाको उपाध्यक्ष - संयोजक

(ख) गाउँपालिकाको कृषि विषय हेर्ने कार्यपालिका सदस्य - सदस्य

(ग) कृषि शाखा प्रमुख - सदस्य

(घ) कृषि बजार तथा कृषि उपज सङ्कलन केन्द्र सञ्चालन गर्ने कृषि सहकारी वा कृषक समूह वा व्यावसायिक संस्थाको प्रतिनिधिमध्ये एक जना - सदस्य

(ङ) गाउँपालिकाको कृषि तथा पशु प्राविधिक - सदस्य सचिव

(२) समितिको बैठक र कृषि बजार तथा कृषि उपज सङ्कलन केन्द्र सञ्चालन तथा व्यवस्थापन सम्बन्धी अन्य व्यवस्था कार्यपालिकाले तोके बमोजिम हुनेछ।

४१. **गुणस्तर निर्धारण प्रणाली अवलम्बन गर्न सकिनेः** (१) गाउँपालिकाले आफ्नो क्षेत्रभित्रका किसानले गरेको कृषि उत्पादन प्राङ्गारिक खेति प्रणाली अवलम्बन गरी गुणस्तरीय रहेको छ भनी गुणस्तर प्रमाणीकरण गर्ने व्यवस्था मिलाउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम प्राङ्गारिक कृषि उत्पादनको गुणस्तर प्रमाणीकरण गर्दा सहभागितामूलक विधि अवलम्बन गर्नु पर्नेछ।

(३) प्राङ्गारिक कृषि उत्पादनको गुणस्तर निर्धारण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

४२. **न्यूनतम् समर्थन मूल्य निर्धारण गर्न सक्नेः** (१) गाउँपालिकाले कृषि बजार व्यवस्थापन समितिको सिफारिसमा कार्यपालिकाको बैठकबाट कृषि उपजको न्यूनतम् समर्थन मूल्य तोक्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम कृषि उपजको न्यूनतम् समर्थन मूल्य तोक्दा छिमेकी स्थानीय तहमा रहेको कृषि उपजको न्यूनतम् समर्थन मूल्य तथा बजार मूल्यलाई समेत ध्यान दिनु पर्नेछ।

(३) उपदफा (१) बमोजिम न्यूनतम समर्थन मूल्य तोक्दा किसान, कृषि उपज व्यावसायी, कृषि सहकारी संस्था, कृषक समूह र गाउँपालिका क्षेत्रभित्र कार्यरत कृषि सम्बन्धी सङ्घ संस्था र नागरिक समाजसँग परामर्श गर्नु पर्नेछ।

(४) कृषि बजार व्यवस्थापन तथा अनुगमन समितिले कृषकले सङ्कलन केन्द्र वा आफ्नो खेतबारीमा प्राप्त गर्ने मूल्य तथा उपभोक्ताले तिर्ने मूल्यको नियमित अभिलेख राखी सुधारका लागि सुझाव दिन सक्नेछ।

(५) कृषि उपजको न्यूनतम समर्थन मूल्य निर्धारण सम्बन्धी मापदण्ड र सूचक कार्यपालिकाले ताकेबमोजिम हुनेछ।

४३. **कृषि व्यापारीको दर्ता र नियमन व्यवस्थाः** (१) कृषि बजार वा कृषि उपज सङ्कलन केन्द्र भित्र व्यापार गर्न इच्छुक कृषि व्यापारी वा कृषि उपज व्यवसायी गाउँपालिकामा दर्ता हुनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम दर्ता हुनको लागि कृषि व्यापारी वा कृषि उपज व्यवसायीले देहाय बमोजिमका कागजात पेश गर्नु पर्नेछः

(क) व्यवसायीको नागरिकताको प्रतिलिप,

(ख) सम्बन्धित निकायमा भएको व्यवसाय दर्ता प्रमाणपत्र,

(ग) स्थायी लेखा नम्बर प्रमाणपत्र,

(घ) कृषि बजार तथा कृषि उपज सङ्कलन केन्द्रभित्र सञ्चालन गर्न चाहेको कृषि व्यवसायको योजना।

(३) कृषि व्यापारी वा कृषि उपज व्यवसायीको दर्ता र नियमनसम्बन्धी अन्य व्यवस्था कृषि बजार व्यवस्थापन तथा अनुगमन समितिले निर्धारण गरे बमोजिम हुनेछ।

(४) दर्ता भएका कृषि व्यवसायीसँग सम्झौता गरी गाउँपालिकाले कृषि उपजको न्यूनतम् सर्मथन मूल्य सम्बन्धी व्यवस्था लागू गर्न सक्नेछ।

(५) यस दफा बमोजिम दर्ता भएका कृषि व्यवसायीले कृषि बजार वा कृषि उपज सङ्कलन केन्द्रभित्र किसानसँग कृषि उपज खरिद गर्दा तोकिएको न्यूनतम् सर्मथन मूल्यभन्दा कम मूल्यमा कृषि उपज खरिद गर्न पाइने छैन।

४४. **कृषि उपजको आयात निर्यातः** (१) कृषि शाखाले किसानहरुसँग जानकारी लिई गाउँपालिका क्षेत्रभित्र उत्पादन भएका कृषि उपजको त्रैमासिक तथ्याङ्क र अभिलेख तयार गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम तयार गरिएको तथ्याङ्क तथा अभिलेखलाई कृषि शाखाले त्रैमासिक रुपमा कृषि बजार व्यवस्थापन तथा अनुगमन समिति र कार्यपालिकामा पेश गरी सार्वजनिक गर्नुपर्नेछ।

(३) कृषि बजार व्यवस्थापन तथा अनुगमन समितिले गाउँपालिका क्षेत्रभित्र खपत नभई बचत हुन सक्ने कृषि उपजलाई अन्यत्र निकासीका लागि आवश्यक प्रवन्ध गर्न सक्नेछ।

(४) कृषि बजार व्यवस्थापन तथा अनुगमन समितिले गाउँपालिकाका नागरिकलाई आवश्यक पर्ने कृषि उपज आयात गर्ने व्यवस्था समेत मिलाउन सक्नेछ।

(५) कृषि बजार व्यवस्थापन तथा अनुगमन समितिले कृषक, कृषि व्यावसायी र सरोकारवालाबीच त्रैमासिक रुपमा नियमित बैठकको आयोजना गर्नेछ।

४५. **पशुपन्छी सेवासम्बन्धी व्यवसाय दर्ताः** (१) एग्रोभेट, दाना, चल्ला लगायतका पुशपन्छी सेवासम्बन्धी उद्योग, कम्पनी वा फर्मले आर्थिक ऐनद्वारा निर्धारत शुल्क तिरी गाउँपालिकामा दर्ता गर्ने र वार्षिक रुपमा नवीकरण गराउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमका उद्योग, कम्पनी वा फर्मको कृषि बजार व्यवस्थापन तथा अनुगमन समितिले नियमित रुपमा अनुगमन गरी गुणस्तर सुधारका लागि आवश्यक निर्देशन दिनेछ र सम्बन्धित उद्यमी वा व्यवसायीले त्यस्तो निर्देशनको पालना गर्नु पर्नेछ।

४६. **पशुपन्छी अस्पताल स्थापना गर्न सक्नेः** गाउँपालिकाले किसानलाई पायक पर्ने स्थानमा आवश्यक ल्याव र प्रविधि सहितको पशुपन्छी अस्पताल स्थापना र सञ्चालन गर्न आवश्यक प्रवन्ध गर्न सक्नेछ।

४७. **पशु बधस्थलको व्यवस्थाः** (१) गाउँपालिकाले आफ्नो क्षेत्रभित्र पशु बधशाला तथा पशु बधस्थल स्थापना गर्न उपयुक्त स्थान पहिचान गरी सञ्चालनमा ल्याउन सक्नेछ।

(२) पशुपन्छी सम्बन्धी सहकारी वा व्यवसायिक संस्थाले गाउँपालिकाकाको अनुमति लिई पशु बधशाला स्थापना गर्न सक्नेछ।

(३) गाउँपालिकाकाले सहकारी संस्था वा व्यवसायिक संस्थासँग सार्वजनिक निजी साझेदारीमा पशु बधशाला वा पशु वधस्थल स्थापना गरी सञ्चालन गराउन सक्नेछ।

(४) कृषि बजार व्यवस्थापन तथा अनुगमन समितिले सम्बन्धित सरोकारवाला समेतको प्रतिनिधित्व र सहभागितामा पशु कल्याण, पशुजन्य रोग नियन्त्रण, पशु बधशाला तथा पशु बधस्थल सञ्चालन, पशुपन्छीको मासु र मासु पसल तथा फ्रेस हाउसले पालन गर्नुपर्ने मापदण्ड वा कार्यविध तर्जुमा गरी कार्यपालिकाको स्वीकृति लिई लागू गर्न सक्नेछ।

(५) मृत्यू भएका पशु विसर्जनका लागि सम्बन्धित वडा कार्यालयले उपयुक्त स्थान तोक्न सक्नेछ र पशुधनीले उक्त तोकिएको स्थानमा नै मृत पशुहरु विसर्जन गर्नु पर्नेछ।

४८. **<u>दुग्ध उत्पादनको प्रशोधन र बजारीकरणः</u>** (१) गाउँपालिकाका लाई दुग्धजन्य उत्पादनमा आत्मनिर्भर बनाउनका लागि पशुपालक किसानलाई अनुदान तथा प्राविधिक सेवा लगायतका सहयोग उपलब्ध गराउन सकिनेछ।

(२) गाउँपालिकाले पशुपालक किसानले उत्पादन गरेको दुधको प्रशोधन गरी मूल्य अभिवृद्धि गराउन दुध चिस्यान केन्द्र तथा दुधमा आधारित वस्तु उत्पादनसम्बन्धी उद्यम स्थापना र सञ्चालनका लागि सहयोग तथा सहजीकरण गर्न सक्नेछ।

(३) गाउँपालिकाले पशु गोठ व्यवस्थापन, खलो सुधार, घाँस, दाना तथा अन्य आहार र पानी आपूर्तिका साथै पशुजन्य रोगको उपचार जस्ता विषयमा आवश्यक आर्थिक तथा मानवीय स्रोत सहितको योजना तर्जुमा गरी कार्यान्वयन गर्न सक्नेछ।

## परिच्छेद एघार
## कृषि पर्यावरण तथा कृषि जैविक विविधता संरक्षण सम्वन्धी व्यवस्था

४९. **<u>सिंचाइका स्रोतहरुको संरक्षणः</u>** गाउँपालिकाले आफ्नो क्षेत्रभित्र प्राकृतिक रुपमा रहेका जलाधार, सिमसार, पानीको मुहान, पोखरी, नदीनाला, पुराना राजकूलो, परम्परागत कूलो बाँध पैनी आदिको संरक्षण, मर्मत सम्भार र जिर्णोद्धार गरी सिंचाइका लागि सञ्चालनमा ल्याउनु पर्नेछ।

५०. **<u>माटो परीक्षणको व्यबस्थाः</u>** (१) गाउँपालिका भित्र कृषि कार्यक्रम सञ्चालन गर्नका लागि तथा तुलनात्मक लाभका कृषि वस्तु उत्पादनका लागि कृषि पकेट क्षेत्र छुट्याउनु भन्दा पहिले माटो परीक्षण गर्नु पर्नेछ।

ज(२) उपदफा (१) को प्रयोजनका लागि गाउँपालिकाले सरकारी प्रयोगशाला वा सेवा प्रदायक संस्थाका प्रयोगशालाको उपयोग गर्न र किसानको खेतबारीमा नै माटो परीक्षण गर्न गराउनका लागि आवश्यक व्यवस्था मिलाउन सहयोग गर्न सक्नेछ।

**५१. <u>कृषि जैविक विविधता र वातावरण संरक्षणः</u>** (१) गाउँपालिकाले कृषि क्षेत्रमा जलवायु अनुकूलन तथा उत्थानशिलताका लागि उपयुक्त प्रविधि र पर्यावरण र जलवायुमैत्री दिगो कृषि प्रणालीको विकास गर्न प्राथमिकता दिनु पर्नेछ।

(२) कृषि जैविक विविधतालाई मध्यनजर गर्दै एकीकृत र मिश्रित खेती प्रणालीमा जोड दिँदै कृषि उत्पादनका लागि स्थानीय विशेषताका आधारमा स्थानीय स्रोत परिचालन गर्नु पर्नेछ।

(३) गाउँपालिकाले कृषि क्षेत्रलाई प्रकोपबाट सुरक्षित राख्नका लागि स्थानीय अनुकूलन योजना र विपत जोखिम व्यवस्थापन योजना तर्जुमा गरी कार्यान्वयन गर्नुपर्नेछ।

(४) गाउँपालिकाले जलवायुजन्य जोखिम बहन गर्नसक्ने र प्राकृतिक पहिचान भएका वाली र बोटविरुवा, वनस्पति तथा बीउ बीजनको अनुवंश, जीवको पहिचान र संरक्षणका लागि कार्ययोजना बनाई कार्यान्वयन गर्नेछ।

(५) कृषक तथा व्यवसायीले कृषिजन्य कार्यहरु गर्दा वातावरणमा प्रतिकूल असर पर्ने कार्यहरु गर्न पाइने छैन र कृषि भूमिको प्राकृतिक स्वरुपमा परिवर्तन भएमा सम्भव भएसम्म कृषि जमिनलाई पहिलाकै अवस्थामा ल्याउने व्यवस्था मिलाउनु पर्नेछ।

**५२. <u>कृषि पर्यापर्यटनः</u>** (१) गाउँपालिकाले किसानलाई कृषि पर्यापर्यटन प्रवर्द्धन हुने गरी प्राकृतिक रुपमा कृषि कार्य सञ्चालन गर्न प्रोत्साहन गर्नेछ।

(२) कृषि तथा पशुपालन सम्बन्धी स्रोत केन्द्रहरुको विकास गर्दा पर्यापर्यटनलाई समेत प्रवर्द्धन हुने गरी सञ्चालन गर्नु पर्नेछ।

(३) गाउँपालिकाले कृषि पर्यापर्यटन प्रवर्द्धन गर्न आफ्नो क्षेत्रभित्र नमुना कृषि पर्यपर्यटन क्षेत्र घोषणा गर्न सक्नेछ।

(४) कृषक समूह तथा रैथाने किसानहरुले सामूहिक रुपमा विकास गर्दै आएका कृषिजन्य भू-दृष्यहरुमा आधारित कृषि पर्यापर्यटनको प्रवर्द्धनका लागि त्यस्ता समूहलाई गाउँपालिकाले आवश्यक सहयोग गर्न सकिनेछ ।

**५३. <u>कृषि वन प्रणालीको विकासः</u>** (१) गाउँपालिकाले किसानलाई पर्यावरण, जलवायु र जैविक विविधता अनुकूल हुनेगरी कृषि वन प्रणालीको विकास गर्न अनुदान लगायतका उत्प्रेरणात्मक कार्यक्रम सञ्चालन गर्न सक्नेछ।

(२) कृषि वनबाट उत्पादित वन पैदावारमध्ये वनसम्बन्धी प्रचलित कानून बमोजिम कृषिवस्तु सरह सूचीकृत भएका पैदावारलाई कृषि वस्तु सरह मानी विना अनुमति ओसार पसार विक्री वितरण गर्न पाइनेछ।

(३) गाउँपालिकाले कृषि वनको विकासका लागि विभिन्न स्थानमा नर्सरी स्थापना गर्न कृषक समूहलाई अवश्यक अनुदान उपलब्ध गराउन सक्नेछ।

(४) गाउँपालिकाले पशु आहारको दिगो आपूर्तिका लागि भुईं तथा डाले घाँस उत्पादनका लागि कृषि वन प्रवर्द्धन गर्न आवश्यक सहयोग उपलब्ध गराउन सक्नेछ।

**५४. <u>चरीचरण क्षेत्रको निर्धारण:</u>** (१) पशुपन्छीको विकास र जैविक खेति प्रवर्द्धनका लागि उपलब्ध भएसम्मका सार्वजिनक जग्गा, बाँझो जमिन र खर्क जग्गालाई पशु चरीचरणका लागि उपयोगमा ल्याउनका लागि गाउँपालिकाले आवश्यक सहयोग र सहजीकरण गर्न सक्नेछ।

(२) गाउँपालिकाले आफ्नो क्षेत्रभित्र रहेका छाडा गाईवस्तुको नियन्त्रण र व्यस्थापनका लागि सम्बन्धित पशुपालक किसानको सहयोग र समन्वयमा गौशाला तथा कान्जी हाउसको व्यवस्था गरी छाडा गाईवस्तुको नियन्त्रण गर्नेछ।

(३) कसैले आफ्नो गाईवस्तु छाडा छोडेका कारण कसैको सम्पत्ति वा कुनै वस्तु हानी नोक्सानी भएमा गाईवस्तु छाडा छोड्ने व्यक्तिले सो वापत तिर्नुपर्ने क्षतिपूर्ति रकम र सो सम्बन्धी प्रकृया कार्यपालिकाले तोके बमोजिम हुनेछ।

**५५. <u>हानीकारक वन्यजन्तुको व्यवस्थापन:</u>** (१) गाउँपालिकाले वनमा पानी पाखरी निर्माण, वन क्षेत्रमा वन्यजन्तुमैत्री फलफूलका रुख विरुवाको सरक्षण र व्यवस्थापन, वन डढेलो नियन्त्रण जस्ता कार्यक्रम गरी वन्यजन्तुलाई वनमा नै बस्ने वातावरण सृजना गर्नेछ।

(२) वन्यजन्तुबाट हुने कृषि बाली तथा पशुधनको क्षति वापत क्षतिपूर्ति उपलब्ध गराउनका लागि गाउँपालिकाले वार्षिक रुपमा बजेट विनियोजन गर्न सक्नेछ।

## परिच्छेद बाह्र
## कृषि सम्बन्धी गुनासो व्यवस्थापन

**५६. <u>गुनासो व्यवस्थापन:</u>** (१) यस ऐनको कार्यान्वयनका सम्बन्धमा कुनै गुनासो उत्पन्न भएमा सुनुवाई गर्न गाउँपालिकाले गुनासो सुन्ने अधिकारी नियुक्त गर्नेछ।

(२) उपदफा (१) बमोजिमको गुनासो सुन्ने अधिकारीले सम्बन्धित व्यक्ति वा कृषक समूहले दिएको गुनासो दर्ता गरी राख्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम दर्ता भएको गुनासो सुनुवाई गर्नका लागि देहाय बमोजिमको एक गुनासो व्यवस्थापन समिति गठन हुनेछः

(क) गाउँपालिकाको उपाध्यक्ष — संयोजक

(ख) कृषि क्षेत्र हेर्ने कार्यपालिका सदस्य - सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(घ) सम्बन्धित वडाको वडाअध्यक्ष - सदस्य

(ङ) गुनासो सुन्ने अधिकारी - सदस्य सचिव

(४) उपदफा (३) बमोजिम गठित गुनासो सुनवाई समितिले कृषि सम्बन्धी गुनासो सुनि मेलमिलाप वा अन्य उपयुक्त माध्यमबाट गुनासो व्यवस्थापन गर्नुपर्नेछ।

(५) कृषि तथा पशुपन्छी सम्बन्धी गुनासो सम्बोधनका लागि गाउँपालिकामा रहेका कृषि तथा पशुपन्छी सेवासँग सम्बन्धित समितिका पदाधिकारी, सदस्य र कर्मचारीको क्षमता विकासका लागि आवश्यक तालिम तथा अवलोकन भ्रमण लगायतका कार्यक्रम सञ्चालन गर्न सकिनेछ।

५७. **<u>ऐन कार्यान्वयनको जिम्मेवारीः</u>** (१) यो ऐनको कार्यान्वयन गर्ने जिम्मेवारी कार्यपालिका, वडा कार्यालय, विभिन्न समिति, किसान, कृषक समूह, पशुपालक समूह, कृषि सहकारी, कृषि व्यवसायी, सेवा प्रदायक, कृषि सरोकारवाला तथा सम्बन्धित सबै प्रतिनिधि र कर्मचारीको हुनेछ।

(२) यस ऐनमा भएका व्यवस्थाको पालना गर्नु सबै सरोकारवालाको कर्तव्य हुनेछ र कसैले पनि ऐन विपरीत कार्य गर्न पाईनेछैन।

(३) ऐन कार्यान्वयनको सन्दर्भमा सञ्चालन गरिने कार्यक्रमको नियमित अनुगमन गर्न गाउँपालिकाले आवश्यक व्यवस्था मिलाउन सक्नेछ।

## परिच्छेद तेह्र
## विविध

५८. **<u>अन्तर निकाय समन्वयः</u>** (१) गाउँपालिकामा सञ्चालन गरिने कृषि तथा पशुपन्छी सम्बन्धी कार्यक्रमबीच दोहोरोपना हुन नदिन र एक आपसमा समन्वय गरी कार्यक्रम सञ्चालन गर्न योजना तर्जुमा प्रक्रयाका सबै चरणमा सबै निकाय र सरोकारवालाबीच समन्वय र सहकार्य सहित योजना तर्जुमा गरी कार्यान्वयन गरिनेछ।

(२) नेपाल सरकार र प्रदेश सरकारबाट सञ्चालन गरिने कृषि तथा पशुपन्छी सम्बन्धी कार्यक्रममा गाउँपालिकाले आवश्यक समन्वय गर्नेछ।

५९. **<u>वाह्य सहयोग लिन सक्नेः</u>** नेपाल सरकारको अनुमति लिई गाउँपालिकाले आफ्नो क्षेत्रमा कृषि विकासको लागि वैदेशिक सहयोग परिचालन गर्न सक्नेछ।

६०. **भूमिको लाभ बाँडफाँडः** गाउँपालिकाले सङ्कलन गर्ने मालपोत रकमबाट प्राप्त वार्षिक आम्दानीको कम्तिमा पन्ध्र प्रतिशत रकम सिमान्त तथा साना किसान र कृषक समूहको क्षमता विकास र अनुदानमा खर्च गर्नु पर्नेछ।

६१. **कृषक पेन्सन कार्यक्रम सञ्चालन गर्न सक्नेः** (१) गाउँपालिकाले नेपाल सरकार र प्रदेश सरकारसँग समन्वय गरी कृषकको वर्गीकरण र कृषक परिचय पत्रको आधारमा किसान सञ्चित कोष वा अन्य उपयुक्त कोषको माध्यमबाट कृषक पेन्सन कार्यक्रम सञ्चालन गर्न सक्नेछ।

(२) कृषक पेन्सन कार्यक्रम सञ्चालनका लागि कृषक छनौट, सहयोगको स्वरुप र विधि लगायतका अन्य प्रकृया तोकिए बमोजिम हुनेछ ।

६२. **कृषि वा कृषक पुरस्कारः** (१) गाउँपालिकाले आफ्नो क्षेत्रमा रहेका पौरखी किसान र कृषि विकासमा उल्लेखनीय योगदान गर्ने विभिन्न व्यक्ति, कर्मचारी तथा सङ्घ संस्थालाई पारदर्शी र निष्पक्ष मूल्याङ्कनका आधारमा प्रत्येक वर्ष कार्यपालिकाले निर्धारण गरे बमोजिम कृषक सम्मान पुरस्कार प्रदान गर्नेछ।

(२) उपदफा (१) बमोजिमको पुरस्कारका लागि सिफारिस गर्न कार्यपालिकाले एक सफारिस समिति गठन गर्नेछ र उक्त समितिले मूल्याङ्कनका मापदण्ड बनाई सोही आधारमा सिफारिस गर्नुपर्नेछ।

६३. **शहरी कृषिको प्रवर्द्धनः** (१) गाउँपालिकाले शहरी तथा अर्धशहरी क्षेत्रमा घडेरीका रुपमा रहेका बाझो वा खाली जग्गालाई बाझो नराखी कृषि उत्पादनका लागि सदुपयोग गर्न आवश्यक योजना तर्जुमा गरी कार्यान्वयन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको योजना अनुसार वा विशेष कार्यक्रम तर्जुमा गरी शहरी क्षेत्रमा रहेका कृषि मजदुर तथा बेरोजगार र विपन्न परिवार वा व्यक्तिलाई शहरी तथा अर्धशहरी क्षेत्रमा घडेरीका रुपमा रहेका बाँझो वा खाली जग्गामा कृषि कार्य गर्नका लागि गाउँपालिकाले आवश्यक अनुदान, वस्तु र सेवा उपलब्ध गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको योजनामा कौशी खेति, करेसा वारी, पोषण बगैचा, घर बगैचा, फलफूलखेति आदि कार्यका लागि नगद अनुदान, बीउ बीजन र सामग्री अनुदान तथा तालिम जस्ता प्रोत्साहनमूलक कार्यक्रम समावेश गर्न सकिनेछ।

६४. **दण्ड सजायः** देहाय बमोजिमका र यस्तै प्रकृतिका कसुरको अनुसन्धान तथ तहकीकात, मुद्दा दर्ता र दण्ड सजाय सम्बन्धी व्यवस्था उपभोक्ता संरक्षण, वातावरण संरक्षण र बीउ बीजन लगायतका प्रचलित कानूनमा तोकिए बमोजिम हुनेछः

(क)कृषिका लागि उपयोग हुने माटो तथा पानी प्रदुषण गर्ने,

(ख) उमारशक्ति नभएका, फल दिन नसक्ने किसिमका, सूचित नभएका र लेबल नभएका बीउ बीजन विक्री वितरण गरी किसानलाई हानी नोक्सानी पुऱ्याउने,

(ग) प्रतिबन्धित किटनाशक विषादी विक्री वितरण गर्ने,

(घ) किसानलाई आपूर्ति गर्नुपर्ने मलखाद तथा बीउ बीजन र दाना लगायतका वस्तुको आपूर्तिमा कृत्रिम अभाव खडा गरी कालो बजारी गर्ने,

(ङ) कृषि तथा दुध र मासुजन्य उत्पादनमा मिसावट गरी गुणस्तर ह्रास गर्ने,

(च) गुणस्तरहिन कृषि सामग्री आपूर्ति गर्ने ।

६५. **<u>अधिकार प्रत्यायोजन गर्न सकिने:</u>** यस ऐन बमोजिम कार्यपालिकालाई प्राप्त अधिकार कुनै विषयगत समिति वा अध्यक्षलाई प्रत्यायोजन गर्न सकिनेछ।

६६. **<u>नियमावली, निर्देशिका वा कार्यविधि बनाउन सक्ने:</u>** यस ऐनमा गरिएका व्यवस्थाको प्रभावकारी कार्यान्वयनको लागि कार्यपालिकाले देहायका विषयमा आवश्यक नियमावली, निर्देशिका वा कार्यविधि बनाउन सक्नेछः

(क) किसान पहिचान, वर्गिकरण तथा सूचीकरण र परिचयपत्र व्यवस्थापन,

(ख) कृषक समूह गठन, दर्ता, नवीकरण र सञ्चालन,

(ग) सामुदायिक बीउ बैंक स्थापना र सञ्चालन,

(घ) जग्गा भाडा, करार खेति तथा व्यावसायिक खेति सञ्चालन,

(ङ) कृषि ऋण सिफारिस,

(च) प्रङ्गारिक कृषि उपजको सहभागितामूलक गुणस्तर निर्धारण प्रणाली प्रवर्द्धन,

(छ) पशु कल्याण, पशुजन्य रोग नियन्त्रण, पशु बधशाला तथा पशु बधस्थल सञ्चालन,

(ज) अन्य आवश्यक नियमावली, निर्देशिका वा कार्यविधि।

६७. **<u>यसै बमोजिम भएको मानिने:</u>** कृषि तथा पशुपन्छीका विषयमा गाउँपालिकाबाट यस अघी कार्यविधि वा अन्य आधारमा भए गरेका कार्य यसै ऐन बमोजिम भए गरेको मानिनेछ।

६८. **<u>बाझिएमा स्वतः निस्कृय हुने:</u>** यो ऐन वा यस ऐनमा गरिएका व्यवस्था सङ्घीय तथा प्रदेश कानूनमा गरिएका व्यवस्थासँग बाझिन गएको अवस्थामा बाझिएको हदसम्म यो ऐनमा रहेका व्यवस्था स्वतः निष्कृय वा खारेज भएको मानिनेछ।